बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरिक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चाहलनमा मद्दत पुर्‍याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ माघ ०८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 22 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४७

## रेलवे ट्र्याकबेड निर्माणमा कमसल सामग्री प्रयोग

राकेश यादव, रौतहट, ७ माघ/

रौतहटमा निर्माणाधीन रेलवे






ट्र्याकबेडमा कमसल सामग्री प्रयोग भएको पाइएको छ । जिल्लाको पूर्व पश्चिम विद्युतीय रेलमार्गको निजगढ–बर्दिवास खण्ड पर्ने निर्माणाधीन रेलवे ट्र्याकबेडमा कमसल सामग्री प्रयोग भएको पाइएको हो ।

चन्द्रपुरको सन्तपुरमा निर्माणाधीन रेलवे ट्र्याकबेडमा गुणस्तरहीन कामको विरोध भइरहँदा पनि नियमित अनुगमन एवं गुणस्तरीय काम गराउन सम्बन्धित पक्ष चनाखो भएको देखिंदैन ।

निर्माण कम्पनीका कर्मचारी र नेपाल सरकारका कर्मचारीहरूको मिलेमतोमा कमसल एवं गुणस्तरहीन काम भइरहेको हो । प्रत्येक १५ सेन्टिमिटरमा रोलिङ गरेर काम गर्नुपर्नेमा रौतहटमा मापदण्ड अनुसार काम हुन सकेको छैन । रोलिङ नगरी माटो, ग्रेवल हालेको कारण गत वर्षायाममा रेलको ड्याम नै भत्केको थियो ।

एकझरी पानीमैं भत्कने ड्यामले रेलको भार कसरी थेग्ला स्थानीय बासिन्दा प्रश्न गर्न थालेका छन् । रेल्वे ट्र्याकजस्तो संवेदनशील निर्माणमा नेपाल सरकारको ध्यान नपुग्दा देशले भविष्यमा ठूलो क्षति बेहोर्नुपर्ने बताइएको छ ।

ट्र्याकबेडको मजबुतीका लागि मिक्स ग्रेवेल र माटो राखेर प्रत्येक १५ सेन्टिमिटरमा रोलिङ गरी कम्पेक्शन गर्नुपर्नेमा निर्माण कम्पनीले पागो बालुवा राखेर रेलवे ट्र्याकबेड बनाइरहेको स्थानीय रमेश सापकोटाले बताए ।

लामा गोल्डनगुड बिरुवा जेभिले रौतहटको चन्द्रपुर नगरपालिका–८ को सन्तपुर राजमार्गको दायाँबायाँ निर्माण गरेको रेलवे ट्र्याकबेडमा धमाधम कमसल सामग्री प्रयोग गरिरहेको छ । स्थानीयले कैयौंपटक विरोध जनाइसकेका छन्, तर सम्बद्ध निकायको ध्यान नजाँदा उक्त गोरखधन्धा बन्द नभएको आरोप उनीहरूको छ । रेलमार्ग निमार्णको क्रममा प्राविधिकको बेवास्ताका कारण निर्माण कम्पनीले आफूखुशी काम गरेको स्थानीयको आरोप छ ।

यता रेलमेट्रो रेल तथा मोनोरेल विकास आयोजना निजगढ बर्दिवास खण्ड साइट कार्यालय लालबन्दीका सब इन्जिनीयर महेश साहले निर्माण कम्पनीले गुणस्तरहीन सामग्री प्रयोग गरेको पाइएपछि हटाएर पुनः सम्झौता अनुरूप राख्न निर्देशन दिएको बताए ।

## चीसो र शीतलहरको मौका छोपी गाँजा तस्करी बढ्यो

प्रमोद यादव, पचगावाँ, ७ माघ/

चीसोको मौसममा पनि गाँजा र चरेसको ढुवानी तीव्र गतिमा छ ।



सखुवाप्रसौनी गापाको अकुवनियामा गाँजाखेती फँडानी गर्दै प्रहरी। तस्वीरः फाइल/प्रतीक

मकवानपुरको लोथर, मनहरि भएर राष्ट्रिय वन र राष्ट्रिय निकुञ्जको जङ्गल हुँदै पर्सा जिल्ला आउने गाँजाको परिमाण अहिले झन् बढेको छ ।

वन गश्ती, आरक्षमा सेनाको गश्ती चीसोको कारण पातलिएको र त्यसैको फाइदा उठाएर तस्करहरूले गाँजा, चरेसको कारोबारलाई तीव्रता दिएका छन् । मकवानपुर र धादिङमा उत्पादित गाँजा मनहरि, लोथर भएर पर्सा जिल्ला आउने र यहाँबाट भारत जाने गरेको छ। उत्पादित क्षेत्रमा प्रतिकिलो २–३ हजारमा खरीद गरेर भारतमा भारु १८–२० हजार प्रतिकिलो बिक्री हुने गरेकोले गाँजा तस्करीमा मानिसहरूको संलग्नता बढ्दै गएको छ ।

गत लकडाउनदेखि नै प्रहरीले पर्सा जिल्लाबाट भारत ढुवानी हुने गाँजा–चरेस सुरक्षाकर्मीले नियन्त्रण गर्न सकेको छैन । मनहरि, लोथरबाट ढुवानी भएर पर्सा जिल्लाको पर्सागढी नगरपालिकाको हरपुर, बडनियार, मिलनचोक, बडेर्वा, खजुरिया, मनवा, भटनी, एकटाँगा, पचरूखी, बहुदरमाई नगरपालिकाको डोकैला बहुअरी, विश्रामपुर, पटनी, सखुवापरसौनीको मधुवन मथवल, खजुरिया, सतवल, सिरही, सखुवनिया, एकडर्वा, लखनपुर, पटेर्वासुगौलीको रङ्गपुर, सोनबर्सा, गदियानी, बैरिया, नयाँ भाथा टोल, देकुली, पटेर्वा, फरहदवा, मोरटोल, देउरिया र जगरनाथपुर गापालगायतमा गाँजा ल्याएर यहाँबाट भारत पुर्‍याउने गरिन्छ ।

राष्ट्रिय निकुञ्ज, वनजङ्गल भएर ठोरी गापाको शिकारीवास, विजयबस्ती, निर्मलबस्ती, गोपीबस्ती, ब्रह्मनगर, रामनगर, सुवर्णपुर, सानीटोल, सोनबर्सा, बैरिया, पटेर्वासुगौली, देउरिया, मोरटोल, सिरही, सथवल, खजुरिया, सखुवनिया, मनवा, भटनी, बडेर्वा, हरपुरजस्ता स्थानमा भण्डारण हुन्छ । यहाँबाट भिस्वा, अमरपट्टि, पकाहामैनपुर, धोरे, सबैठवा, बुडगाई, मिर्जापुर, असवारी, जानकीटोला, पाँडेपुर, भिखमपुर, पिडारीगुठी, सेढवा, महादेवपट्टि भएर भारत जाने गरेको छ ।

धादिङ, मकवानपुरमा अहिले नयाँ उत्पादित गाँजाको माग भारतमा बढेको छ । महँगो मूल्य भएको कारण नयाँ उत्पादित गाँजाको ढुवानी बढी छ। पुरानो गाँजाभन्दा नयाँ गाँजामा सुगन्ध बढी हुने कारणले पनि यसको माग बढेको हो । अहिले नयाँ गाँजाको ढुवानी यो क्षेत्रबाट बढिरहेको बताइन्छ ।

मकवानपुर र धादिङबाट गाँजा ढुवानी भएर भारतमा महँगो मूल्य पाउने गरेको कारण करीब डेढ दशकदेखि गाँजामुक्त भएको पर्सा जिल्लामा यस वर्ष गाँजाखेती र ढुवानी बढेको हो ।

जिल्ला प्रहरी कार्यालय, पर्साले ठोरीलगायत क्षेत्रबाट १५–२० बिघा गाँजा नष्ट गरिसकेको छ । ढुवानीबाट मनग्य आम्दानी भइरहेको कारण पर्सा जिल्लामा पुनः गाँजा खेती शुरू भएको हो ।

## कृषि विकास बैंकको वार्षिकोत्सव मानव सेवा आश्रममा

प्रस, वीरगंज, ७ माघ/

कृषि विकास बैंकको ५५औं




वार्षिकोत्सव शुक्रवार वीरगंजमा पनि मनाइएको छ ।

वार्षिकोत्सवको अवसरमा सो बैंकले मानव सेवा आश्रम वीरगंजका ६० जना आश्रितलाई एक छाक दिवा खाना खुवाएको थियो ।

आश्रमका वीरगंज संयोजक सानु मानवसेवाले सहजीकरण र सञ्चारकर्मी उर्मिला सापकोटाले सहयोगी भूमिका निर्वाह गरेको कार्यक्रममा बैंकका शाखा प्रमुख देवेन्द्र यादव, शाखा अधिकृत सुनील श्रीवास्तव, कर्जा प्रमुख रघुनाथ मुखियाले संयुक्त दियो बालेर कार्यक्रम शुभारम्भ गरेका थिए । आश्रमका आश्रितलाई खाना खुवाउँदा आनन्द प्राप्त भएको बैंकका अधिकारीहरूले बताए ।

बैंकका अधिकृत गुरुदेव उपाध्याय मार्फत जानकारी पाएपछि आश्रममा कार्यक्रम बनेको शाखा प्रमुख यादवले बताए । पहिलोपटक आश्रम पुगेको बताउँदै कृषि विकास बैंकका अधिकारीहरूले मानव सेवाको अनुपम कार्य आश्रममा पाएको बताए। अब हरेक कार्यक्रममा आश्रमलाई प्राथमिकतामा राख्ने बैंकका अधिकारीहरूले प्रतिबद्धता जाहेर गरेका छन् ।

## पत्रकारहरूले लगाए कोरोनाविरुद्ध बुस्टर डोज

प्रस, वीरगंज, ७ माघ/

शुक्रवार कोरोनाविरुद्ध बुस्टर डोज वीरगंजका सञ्चारकर्मीहरूले पनि लगाएका छन्। नेपाल पत्रकार महासङ्घ, पर्सामा ७८ जनाले बुस्टर डोज लगाएको शाखा अध्यक्ष अनुप तिवारीले बताए ।

कोरोनाविरुद्ध दोस्रो खोप लगाएको ६ महीना पुगेका ७८ जनाले बुस्टर डोज लगाएको उनले बताए ।

४० जनाले कोभिशिल्ड, ३८ जनाले भेरोसिल खोप लगाएका थिए। स्वास्थ्य कार्यालय, पर्साले अग्रपङ्क्तिमा काम गर्दै आएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शववाहन, एम्बुलेन्स चालक, पत्रकार, सफाइकर्मीहरूलाई माघ ५ गतेदेखि बुस्टर डोज लगाउन शुरू गरेको र सोही क्रममा शुक्रवार पर्साका पत्रकारलाई खोप लगाइएको स्वास्थ्य कार्यालयका खोप अधिकृत जयमोद ठाकुरले बताए ।




## एकजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, ७ माघ/

पर्सा जिल्लामा कोरोनाको तेस्रो भेरिएन्ट शुरू भएपछि गएराति एकजना पुरुषको मृत्यु भएको छ ।



नारायणी अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले बारा, महागढीमाई नगरपालिका–६ निवासी ५० वर्षीय पुरुषको गएराति पौने १२ बजे मृत्यु भएको बताए । उनले वीरगंजको निजी अस्पतालमा भर्ना भएका ती व्यक्तिलाई हिजो साढे ८ बजे राति नारायणी अस्पतालमा भर्ना गरिएको र एन्टिजेनबाट सङ्क्रमित पुष्टि भएको उनले बताए ।

भर्ना भएको पौने तीन घण्टापछि निजको मृत्यु भएको थियो । मृतकले कोरोनाविरुद्ध खोप नलगाएको डा सिंहले बताए ।

## हीरापुर बैरेजको माछाको लोकप्रियता

प्रस, गरुडा, ७ माघ/

रौतहटको गरुडाका माछा पारखीलाई सर्लाहीको झिङ्गे, गैंचा, मलगालगायतका स्थानीय जातका माछाले आकर्षित गर्न थालेको छ । सर्लाहीको हीरापुरको झिङ्गे माछा भनेपछि गरुडासमेत दर्जनौं गाउँका माछा पारखीको मुख नै रसाउन थाल्छ ।

गरुडाभन्दा झन्डै बीस किलोमिटर पूर्वमा पर्ने हीरापुर बैरेजको झिङ्गे माछाको नाम धेरैजनाले सुनेको र एकपटक गएर स्वाद लिंदा कहिल्यै बिर्सन नसकिने भएको गरुडा नगरपालिका–५ महम्मदपुरका किशुनदयाल यादवको भनाइ छ। माछा

(बाँकी अन्तिम पातामा)



बजारमा बिक्री गर्दै सर्लाहीको हीरापुरको झिङ्गे माछा। तस्वीरः प्रतीक

**विचारसार र सूक्तिहरू**

**अहिलेसम्म धेरै र ठूल्ठूला गलती नगरी कतै कोही महान् बन्न सकेको छैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# दाउराका लागि वन विनाश

**वन–जङ्गलबाट काठको गोलाइ चोरी हुनुभन्दा एक भारी लाथ्रा चोरी हुँदा वन संरक्षणमा ठूलो क्षति पुग्छ। लाथ्रा होस् या गोलाइ, गैरकानूनी तरीकाले काट्नु, ढाल्नु वा ओसार पोसार तथा बिक्री–वितरण एवं उपभोग गर्नु दण्डनीय हो । वैज्ञानिक मापदण्ड अनुसार वन–जङ्गलको संरक्षण, विकास र उपयोग गर्दा वातावरण तथा पर्यावरणमा नकारात्मक असर पर्दैन । संरक्षणमा नकारात्मक असर नपरोस् भन्ने उद्देश्यले वनसम्बन्धी ऐन, नियम, कानूनहरू बनाइन्छ। हाम्रो मुलुकमा यसको पालना कडाइका साथ गर्ने वातावरण छैन । गलत नियत भएकाहरूले कतिपय अवस्थामा वनको नीति, नियम बङ्ग्याएर, वन मास्ने हतियार बनाएका छन्। ससाना बिरुवादेखि उमेर पुगिसकेका रूख हाम्रो जङ्गलमा पाइन्छ । उमेर पुगेका रूखहरू चोरी हुँदा मुलुकको राजस्व मात्रै चोरी हुन्छ। त्यसबाट वातावरण, पर्यावरण तथा कार्बन उत्सर्जनमा खासै नकारात्मक असर पर्दैन । प्रकृतिको नियम अनुसार निश्चित उमेर पुगेपछि पुराना रूख–बिरुवा हटाएर नयाँ लगाउनु पर्छ ।**

**हाम्रो मुलुकको ठूलो जनसङ्ख्या अझै पनि दाउरे युगमा छ। कतिपय शहरको जनसङ्ख्या दाउरामा भर परेको छ। वीरगंज महानगर क्षेत्रमा दैनिक चार सय साइकलभन्दा बढी दाउरा भित्रिने गरेको बितेको वर्षको तथ्याङ्कले भन्छ। दाउरा मुख्यतः आगो बाल्नकै लागि प्रयोग गरिने हो। गाउँको कुरा छाडौं, महानगरमा समेत अझै दाउरा बालिँदै छ भन्ने कुरा यसले पुष्टि गर्दछ। जाडोमा आगो ताप्नेबाहेक खाना पकाउन दाउरा बाल्नु रहर होइन, बाध्यता हो। सिलिन्डर, ग्याँस र त्यसमा लाग्ने चुलो उपकरण एकैपटक किन्न नसक्ने घरपरिवारको सङ्ख्या समाजमा ठूलो छ। अर्कोतर्फ ग्याँसको मूल्य बढ्दो छ, आम्दानीको स्रोत भने विभिन्न कारणले ओरालो लागिरहेको छ । यो अवस्थामा सिलिन्डर भएका कतिपय घर–परिवारको ग्याँस भर्ने क्षमता छैन । सिलिन्डर भरेर राख्ने तर दाउरा वा भुसी चुलोबाट काम चलाउने र नचलाई नहुने अवस्थमा मात्रै ग्याँस चुलो चलाउने घर परिवार पनि प्रशस्त छ। बेलाबेलामा हुने ग्याँसको अभावले उपभोक्तालाई झन् तर्साएको छ । चाहेको बेला ग्याँस उपलब्ध नहुने हुँदा दुईचारवटै सिलिन्डर घरमा राख्नुपर्ने पीडा पनि उपभोक्तालाई छ। यसर्थ भरसक दाउराको उपलब्धता हुने क्षेत्रका उपभोक्ता ग्याँसबाट पुनः दाउरातर्फ नै फर्किरहेका छन् ।**

**दाउराको प्रयोगले निम्त्याउने अन्तत वन विनाश हो । ससाना बिरुवा वा ठूला रूख दाउराको लागि काम लाग्दैन । ठूला रूख काम लागे पनि त्यसलाई चिरफार गरेर दाउरा बनाउन समय लाग्ने हुँदा गैरकानूनी तरीकाले वन पसेकाहरूलाई जोखिम हुन्छ । त्यसैले उनीहरू कमलो बलाबली तथा पोल साइज र सोभन्दा कम उमेरका रूख बिरुवा मासेर दाउरा बनाउँछन् । कैयो वर्ष घामपानी, डढेलो पार गर्दै हुर्केबढेका धेरै बिरुवा दाउरेले एकै भारी बनाइदिन्छ। हरियो लाथ्रोलाई दाउरा बनाएर सीधै बिक्री गर्ने र कतिपयले सुकाएर बिक्री गर्ने गरेका छन् । बस्ती छेउछाउका वन–जङ्गलमा लाथ्रा नमासिएको दिन बिरलै होला। मासिएको बिरुवा हुर्कन अनुकूल वातावरण छ भने दशक लाग्न सक्छ । सरकारले जबसम्म उपभोक्तालाई दाउराको सहज विकल्प दिँदैन, दाउराको नाममा भइरहेको यस्ता वन विनाश जबरजस्ती रोकेर रोकिँदैन । दाउराको आवश्यकता पूर्ति गर्न बरु निम्न तहका विद्यार्थीहरूलाई बदनाम गराउने काम भने चलिरहन्छ ।**

# देश र जनताको मुक्तिका लागि जनपक्षीय पत्रकारिता

राज्यको चौथो अङ्गको दर्जा पाएको पत्रकारिताको मुख्य धर्म नै राज्यको तीन अङ्गको काम–कारबाई खराब हुँदै गयो भने समाचारको माध्यमले सावधान ! खबरदार ! होशियार ! गर्ने हो । पत्रकारितालाई वाचडग भनिन्छ । पत्रकारिता क्षेत्रमा यतिखेर छरपस्ट देखिएको छ, आग्रह, पूर्वाग्रह, सङ्कीर्णता, अतिरञ्जना, खेदजनक सबै सञ्चारमाध्यममा प्रकट भएका छन् । पत्रकारिता केवल जीविका चलाउने माध्यम होइन, देश र जनताको मुक्तिका लागि आवश्यक जिम्मेवारी वहन गर्ने सशक्त साधन पनि हो । आवाजविहीनहरूको आवाज हो पत्रकारिता ।

**मन्तव्य**



**- सुदर्शनराज पाण्डे**

**पत्रकारिता जगत्ले खराब पात्र र प्रवृत्तिविरुद्ध आन्दोलित जनमत तयार गर्न सक्दछ । दलाल पत्रकारिताको भविष्य हुँदैन । देशमा अनुशासन र नैतिक मूल्य कायम गराउन पत्रकारिताले हस्तक्षेपकारी भूमिका खेल्न सक्दछ ।**

तानाशाह, मूर्ख, दलाल, राष्ट्रघाती, जनघातीहरूको मुख्य दुश्मन हो, पत्रकारिता । एउटा पत्रकार सत्य र न्यायको पक्षमा हरबखत सजग रहनुपर्दछ। देश र जनतालाई आघात गर्ने काम कहीं, कतै, कोहीबाट भएको छ भने जस्ताको त्यस्तै सूचना, जानकारी, समाचार सार्वजनिक गर्ने काम पत्रकारले निरन्तर गरिरहेको हुन्छ। भ्रष्टाचारीले विज्ञापन दियो, आर्थिक सहयोग गऱ्यो भनेर उसको ज्यादतिसँग सम्झौता गरेर समाचार लुकाएर आम जनतालाई गुमराहमा राख्नुहुँदैन। कुनै एक सञ्चार माध्यम (अखबार, रेडियो, टेलिभिजन, एफएम, अनलाइन)ले सार्वजनिक गरेको सत्य समाचार अर्को माध्यमले नाजायज फाइदाका लागि खण्डन गर्दछ भने पत्रकारिताको धर्मविपरीत हो। समाचार प्रस्तुति फरक–फरक ढङ्गले हुन सक्छ तर सारवस्तु, समाचारको सत्यता एउटै हुन्छ। कुनै तर्क–कुतर्कले सत्यलाई जित्न सकिँदैन।

हिजोआज नेपाली पत्रकारिता क्षेत्रमा शब्द र वाक्यको गलत प्रयोग भइरहेको छ । अहिले भाषा र पदको खिल्ली उडाएर भाषामा खेलवाड भइरहेको छ र हाम्रो भाषाको मौलिकता मास्ने काम हुँदैछ । एकभन्दा धेरै मानिसहरूको समुदाय एवं मानवीय सम्बन्धहरूको जालो नै समाज हो । परिवर्तनको संवाहक मानिससँगै समाज निरन्तर परिवर्तनशील छ । यसको गति रोक्न असम्भवप्रायः छ। समाज परिवर्तनसँगै मानिसको विचार, आदर्श, व्यवहार, मनोभावना, धर्म, संस्कृति पनि परिवर्तन हुन्छ । परिवर्तनले समाजलाई उन्नत, प्रगतिशील अग्रगामी एवं विकासको दिशामा अग्रसर गराउँछ। पुरातनवादी समाज रूपान्तरित हुन अग्रगामी फडको आवश्यक हुन्छ। सामाजिक अवस्थालाई मध्यनजर गर्दा अभियान, आन्दोलन, सङ्घर्ष, जागरण, विद्रोह, क्रान्ति युद्धजस्ता कुराले समाजलाई परिवर्तन गर्न सक्छ, जसले समाजलाई सकारात्मक परिणाम दिन्छ। सकारात्मक परिवर्तनको दिशामा एउटा असल पत्रकारको जिम्मेवारी गहन हुन्छ। पत्रकार सदैव परिवर्तनको पक्षमा रहनु पर्दछ ।

पत्रकारितामा पनि पक्षधरता हुन्छ। वर्तमान विश्वमा दलाल पूँजीवादले फैलाएको विकृति–विसङ्गतिको हावालाई पन्छाएर समाजवादी हावा फैलाउने दायित्व जनपक्षीय पत्रकारिताले मात्र पूरा गर्न सक्दछ। दलाल, पूँजीवादी व्यवस्थाको भतुवा पत्रकारले समाजमा कुनै रचनात्मक र सिर्जनात्मक दायित्व निर्वाह गर्न सक्दैन। समज परिवर्तनको प्राथमिक टेको भनेको व्यक्तिको परिवर्तन हो । हिजोआज महत्त्वपूर्ण पक्षमा रहेका व्यक्तिहरूको भ्रष्टीकरण भएको छ । नैतिकता र अनुशासनमा ह्रास आएको छ ।

व्यक्तिको सामाजिक संस्कारलाई उसको पारिवारिक पृष्ठभूमि र समाजमा उपलब्ध एवं उसको पहुँचमा रहेका सामाजिक संस्थाहरूले निर्धारण गर्छन्। जनान्दोलनले खडा गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र संसदीय व्यवस्था पूर्णरूपमा दलाल पूँजीवादी व्यवस्थामा रूपान्तरण भएको छ । जस्तो राजनीतिक व्यवस्था त्यस्तै पत्रकारिता देखिएको छ। खराब पात्र र प्रवृत्तिविरुद्ध ध्येयमूलक पत्रकारिता नै जनपक्षीय पत्रकारिता हो।

पत्रकारिता जगत्ले खराब पात्र र प्रवृत्तिविरुद्ध आन्दोलित जनमत तयार गर्न सक्दछ। दलाल पत्रकारिताको भविष्य हुँदैन। देशमा अनुशासन र नैतिक मूल्य कायम गराउन पत्रकारिताले हस्तक्षेपकारी भूमिका खेल्न सक्दछ । सम्पूर्ण पत्रकार र सञ्चार माध्यम खराब व्यक्ति र व्यवस्थाविरुद्ध उत्रियो भने जनकारबाई सबल हुन्छ । अमेरिकी विकास अनुदान सम्झौता राष्ट्रघाती एमसिसीविरुद्ध कलम नचलाउने पत्रकार र समाचार सम्प्रेषण नगर्ने सञ्चार माध्यम जनपक्षीय र राष्ट्रवादी हुनै सक्दैनन्। राष्ट्रघाती कित्तामा उभिएका दलाल पूँजीवादी व्यवस्थाका हिमायती पत्रकारिताविरुद्ध निरन्तर सङ्घर्ष गर्दै वैज्ञानिक समाजवादको लागि जनपत्रकारिता गर्ने पत्रकारहरू भोलिका भविष्य हुन्, संवाहक शक्ति हुन् ।

# २३ हजार परीक्षण गर्दा १० हजारभन्दा बढी सङ्क्रमित

काठमाडौं, ७ माघ/रासस

पछिल्लो २४ घण्टामा १० हजार ७०३ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा २३ हजार ९२ परीक्षण गर्दा १० हजार ७०३ मा सङ्क्रमण पुष्टि भएको हो ।

सक्रिय सङ्क्रमितको सङ्ख्या ६५ हजार ३७४ पुगेको छ। पछिल्लो समय थप ७६६ सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या आठ लाख १९ हजार ५७५ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९१.४ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

विगत २४ घण्टामा तीनजनाको सङ्क्रमणको कारण मृत्यु भएको छ । अहिलेसम्म ११ हजार ६३५ को सङ्क्रमणका कारण मृत्यु भएको छ ।

पाँच सय र २०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला १५ पुगेको छ। मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाँके, रूपन्देही र कैलाली रहेका छन् । यस्तै २०० भन्दाबढी सङ्क्रमित भएका जिल्लामा पर्सा, बारा, महोत्तरी, सत्तरी, सर्लाही, सिराहा, नुवाकोट, धादिङ, गोरखा, तनहु, स्याङजा, वागलुङ, दाङ, सुर्खेत र कञ्चनपुर रहेका छन् ।

नेपालमा सङ्क्रमण दर १७.६ प्रतिशत छ । हाल होम आइसोलेशनमा ६३ हजार ७३४, संस्थागत आइसोलेशनमा एक हजार ६४०, आइसियुमा १९४ र भेन्टिलेटरमा ३५ को उपचार हुँदैछ ।

## तीन लाख बढीले खोप लगाए

विगत २४ घण्टामा तीन लाख सात हजार ४०१ ले खोप लगाएका छन् । अहिलेसम्म पहिलो मात्रा एक करोड ६२ लाख ३७९ र पूर्ण मात्रा एक करोड २७ लाख ४६ हजार ५८० जनाले लगाइसकेका छन् ।

यस्तै कोरोना भाइरसविरुद्ध बुस्टर डोज ५० हजारभन्दा बढीले लगाएका छन् । मन्त्रालयका अनुसार यही माघ २ गतेदेखि अग्रपङ्तिमा काम गर्नेलाई अहिलेसम्म ५० हजार २०७ मात्रा बुस्टर डोज खोप लगाइएको छ ।

# कोभिड विशेष अस्पताल सञ्चालन

जनकपुर, ७ माघ/रासस

बढ्दो कोरोना सङ्क्रमणलाई दृष्टिगत गरी मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानले पुनः कोरोना विशेष अस्पताल सञ्चालन गरेको छ ।

प्रतिष्ठानले सञ्चालन गरेको १०० शय्याको सो कोभिड विशेष अस्पतालमा २० भेन्टिलेटर र २० शय्याको आइसियु शय्या रहेको प्रतिष्ठानका उपकुलपति प्रा डा रामकेवल साहले जानकारी दिए ।

यसका साथै कोभिड विशेष अस्पतालमा दैनिक ५० सिलिन्डरसम्म भर्न सक्ने क्षमताको अक्सिजन प्लान्टसमेत जडान गरिएको उपकुलपति प्रा डा साहले बताए । कोभिड विशेष अस्पतालमा हाल दुईजना कोभिड सङ्क्रमितको उपचार भइरहेको र उपचाररत दुवै सङ्क्रमितको स्वास्थ्य अवस्था सामान्य रहेको प्रतिष्ठानले जनाएको छ ।

कोभिड विशेष अस्पतालका अधिकांश शय्या अहिले खाली रहेकोले दैनिक तीन–चारजना अन्य रोगका बिरामीलाई समेत राखेर उपचार गरिरहेको उपकुलपति डा साहले बताए।

विशेष अस्पतालको गत बुधवार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडा, मधेस प्रदेश सरकारका सामाजिक विकासमन्त्री नवलकिशोर साहलगायतले निरीक्षण गरेका थिए। प्रदेश सरकारबाट

(बाँकी अन्तिम पातामा)

# चोर्नीमा निश्शुल्क आँखा शिविर

प्रस, वीरगंज, ७ माघ/

वीरगंज महानगर–३२ चोर्नीमा शुक्रवार आँखा शिविर सम्पन्न भएको छ ।

वीरगंज मेडिकल प्रालि, द राइजिङ स्टार क्लबको सहकार्यमा साहिब दरबार सेवा संस्थानले आयोजना गरेको निश्शुल्क आँखा शिविरमा १४० जनाको आँखा परीक्षण गरिएको थियो ।

साहिब दरबार सेवा संस्थान वीरगंजका अध्यक्ष राजेशमान सिंहले आँखा चेकजाँच गरिएकामध्ये ५२ जनामा मोतिबिन्दु फेला परेको र उनीहरूको निश्शुल्क शल्यक्रिया गरिने बताए । शिविरमा उमेशलाल सहनी, मुकेश द्विवेदी, वकिल हवारी, रविन् श्रेष्ठ, नरेन्द्र महतो, विनोद सिलवाल, सञ्जय मण्डल, पुरुषोत्तम पटेल, प्रद्युम्न मण्डल, राजु मण्डललगायतले सहयोग गरेका थिए।



तस्वीरः प्रतीक

# विद्यार्थीलाई ज्याकेट वितरण

प्रस, वीरगंज, ७ माघ/

रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसले जीराभवानी गाउँपालिका, महादेवपट्टी, शान्ति टोलस्थित रोटरी शिवशक्ति प्राविका विद्यार्थीहरूलाई ज्याकेट वितरण गरेको छ।

बिहीवार ६२ जनालाई ज्याकेट वितरण गरिएको मेट्रोपोलिसका अध्यक्ष दीपराज क्यालले बताए । विद्यालयमा ९१ जना विद्यार्थी अध्ययनरत रहेको र रोटरी मेट्रोपोलिसले विगत ८ वर्षदेखि सो विद्यालयलाई विभिन्न सहयोग गर्दै आएको र यसपटक चीसोमा विद्यार्थीहरूलाई ज्याकेट वितरण गरिएको अध्यक्ष क्यालले बताए । ज्याकेटसँगै विद्यार्थीहरूलाई खाजा पनि वितरण गरिएको थियो ।

कार्यक्रममा रोटरी मेट्रोपोलिसका पूर्व अध्यक्ष जगदीशप्रसाद शर्मा, नन्दन चौरसिया, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षक–शिक्षिकाहरूको उपस्थिति थियो ।



तस्वीरः प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७८ माघ ०८ गते शनिवार | 2022 January 22 Saturday | ३


# आफ्नो मन्दिर आफैं बनाऔं

**व्यङ्ग्यम्**




सञ्जय मित्र

mitrasanjay41@gmail.com


**एउटा गोप्य कुरो खुसुक्क बताउँदै छु : तपाई पनि आफ्नो मन्दिर आफैं बनाउनुहोस् । अनि हेर्नुस् तपाई आफैं चमत्कारी देवता बन्नुहुनेछ ।**

**देउता बन्न को चाहँदैन ? आधुनिक देवीदेवता धमाधम बनिरहेका छन् ।**

नित्सेले ईश्वरको मृत्युको घोषणा गर्दा पोस्टमार्टम गरेका थिएनन् । पोस्टमार्टम गर्ने आधिकारिक व्यक्ति उनी थिएनन् । मृत्यु-घोषणााको आधिकारिकतामाथि मलाई शङ्का लागेको थियो। शङ्काले लङ्का डढायो। मैले रिपोर्ट माग्दा नदिएपछि नित्सेले मैले बाँकी सबै तर्कलाई मृत घोषित गरिदिएँ। मृत घोषित गर्ने मेरो वाणीलाई म आफैंले तत्क्षण अमृत घोषित गरें ।

अमृतले त अमर बनाउँछ । मेरो वाणी नै अमृत भएपछि अमर बन्ने चाहना हुनेलाई आकर्षित गर्नु स्वाभाविक हो । कोही कोही मसित यस विषयमा साउती गर्न आए। मलाई काउकुति लाग्न थाल्यो। मैले आफ्ना अनुयायीलाई मात्र अमृतवचन सुनाउँछु भनें । जुन कुरा लुकाउन खोजिन्छ, त्यसलाई जान्न, खन्न, खोतल्न, उधिन्न मानिसको मन तम्सिन्छ । र, अमृत वाणी आफ्नै कानबाट पान गर्न कोहीकोही रातिराति मकहाँ आउन थाले वा यसो भनूँ धाउन थाले । दिउँसो अनुयायी बन्न अप्ठ्यारो लागेर होला। हुनत अनुयायी बन्नु लाजको कुरो होइन तर पनि कोही कहाँ यत्तिकै कसैको अनुयायी बन्न चाहन्छ ? चाहन्छ म नै पहिले गुरु बनिहालुँ। गुरु बन्न भ्याकेन्सी गर्नुस् त हजारौं निवेदन हाल्न आउँछन् तर अनुयायी या शिष्य अर्थात् चेला बन्न गरेको भ्याकेन्सीमा कोही आउँदैन। लाग्छ चेला बन्नु भनेको खाल्टोमा पर्नु हो । लाजको कुरो हो ।

रातिराति अँध्यारोमा पनि मुख लुकाएर आउनेहरूलाई मैले फलानो दिन आउनुस् फलानो ठाउँमा भनें। त्यो फलानो ठाउँ भनेको कुनै रमणीय पर्यटकीयस्थल हो । त्यहाँ पुग्नका लागि मैले पहिल्यै अलिअलि पत्रम्पुष्पम् पनि गर्दै गएँ । सित्तैमा पैसा पाउनु, पर्यटकीयस्थलमा घुम्न पाउनु र अमृतपान गर्न पाउनु आदि अनेक लोभमा फसे केही मानिस। अर्थात् मेरा अनुयायी बन्ने पूर्वयोग्यता पूरा गरे।

निर्धारित ठाउँमा म आफैं सार्प टाइममा पुगें । मलाई पत्याएर हो कि मैले दिएको दाममा अझ धेरै थपेर पाइन्छ भन्ने लोभले हो, रातिराति भेट्न आउने जति आएकै थिए, आफूसित आफ्ना वाहनमा धेरैले सहबोलिया पनि लिएर आएका थिए । एउटा मीठो सभा शुरू भयो ।

पहिले एक एकसित अलग-अलग मन्त्रणा गरें । कुरो यति मात्र भनेको थिएँ - अहिले म जे भन्छु, त्यो केवल तपाईंलाई मात्र। यो कुरो कसैलाई नभन्नु होला। अरूलाई भन्नासाथ तपाईंभित्रको ठूलो शक्ति हराउने छ र तपाईंलाई ठूलो अनिष्ट हुनेछ। यदि तपाईंले हाम्रो अर्को बैठकसम्म यसलाई आफूभित्र पचाइराख्नु भयो र कसैलाई नभनी आफैंकहाँ बचाइराख्नु भयो भने तपाईंलाई अमृत पिलाएर अमर बनाउने जिम्मा मेरो । अहिले यति बुझ्नुस् - तपाई महान् हुनुहुन्छ। र अमृत पानपछि तपाईंको महानतामा चमक आउने छ, तपाईंलाई सबैले महान् मान्नेछन् ।

महानतामा चमकको कुरोमा यसरी जोड दिएको थिएँ, मानौं उनीहरूको महानता मैलो भएको छ र मैले कुनै डिजरजेन्ट पाउडर वा साबुनले धोएपछि मोतीको दाँतजस्तै चम्किन थाल्नेछ ।

अनि सबैलाई एक ठाउँमा राखेर दर्शन छाँटें । साँच्ची जब कोही सुन्न तयार हुन्छ तब आफ्नो जस्तोसुकै बकबक पनि दर्शन लाग्न थाल्दछ । आफूमा विजेताको गर्व हो कि प्रवक्ताको धर्म हो आइहाल्छ । अलिकति फुर्काएँ । सबै मख्ख। मलाई अन्तर्बोद्ध भयो–मैले मख्ख पार्ने गुण धारण गरिसकेको छु।

मेरा अनुयायीका लागि म देवता साबित भएँ। त्यहाँबाट फर्केपछि धेरैमा के–के भनेको चासो भएछ क्यारे । अनुयायीहरूले के के भनें मलाई खासै थाहा त भएन तर यति थाहा भयो कि त्यस दिनको कुरा नभनेर सबैले मेरो प्रशंसा मात्र गरेका रहेछन्। यही मौकामा चौका हान्न सोचें ।

मैले आफ्ना एल्चाबेल्चाहरूलाई बोलाएर मन्त्रणा गरें : "तिमीहरू सबैलाई म देउता घोषणा गर्दछु । आजदेखि तिमीहरू सबै देउता ।"

अनि थप सम्बोधन गर्दै भने – "हे देवहरू हो ! तिमीहरू बसेको यो सभा स्वतः देवसभा भो । र, यो देवसभाले यहाँ उपस्थित सबैलाई स्थायी देवता घोषणा गर्दछ। देवताहरू अमर भएको प्रस्तावलाई सर्वसम्मत पारित गर्दछ।"

बाँदरहरू पहेंलो केरा खान पाएर खुशी भएझैं सबै खुशीले उफ्रिए।

एकै छिनपछि सबैले कार्यविभाजन पनि गरे । एकजना निरन्तर बकबक गर्ने मानिस, आफूलाई सञ्चारदेव नारद भन्दथे, सबै देवताको सर्वसम्मत निर्णय सुनाए – "हामी सबैलाई देवता बनाइदिने उहाँ (मतिर इशारा गर्दै) लाई हामीले ईश्वर घोषणा गर्दछौं ...।" यति जोडले ताली बज्यो कि अरू ग्रहका प्राणीहरू (टोलछिमेकका मानिस, कुखुरा, कुकुर आदि) अचम्भित भए । कतै भूकम्प आएको हो कि जस्तो गरेर सबै एकछिन सजग भए।

एक दिन अर्को नाटक गरें । मानिसलाई नाटक धेरै मन पर्छ। सोझो मानिसलाई त मानिसले मानिस नै गन्दैन। यदि केही नौलो नौटङ्की गरिरहनुहुन्छ, सधैं चर्चामा आइरहन सजिलो हुन्छ। र म त प्रयोग गरिरहने मान्छे । देउता बनाएको केही दिनपछि एक दिन देवसभा बोलाएर सबैलाई शपथ खुवाएँ। शपथमा यो कुरा भनें कि जुनसुकै परिस्थितिमा पनि आफूलाई देवता साबित गराउनु छ। सबैले किरिया खाएपछि अर्को घोषणा गरें, देवसभामा : "सबैले आफ्नो स्तुति आफैं लेख्नू, आफ्नो भजन पनि लेख्नू" । विस्मित र उज्यालो अनुहार देखें सबैको र थप उत्साहित हुँदै भनें– "आफ्नो वन्दना पनि रचना गर, आफ्नो यश र कीर्ति फैलाउने राम्रा कथा र अन्य साहित्य सिर्जना गर ।"

त्यस सँगसँगै यो पनि अह्राएँ – "अनि सबैले आफ्नो लागि जे जे रचना गर्छौं, ती भजन, आरती, स्तुति, कीर्तन तथा यशोगान एक एकवटा मेरा लागि पनि हुनुपर्छ । आफ्नो लागि अनेक गर, तर मेरो लागि एक गर। मेरो अर्चना नगर्ने देउताको कुनै पनि साहित्य स्वीकृत हुँदैन।"

पहिले म सबैलाई तपाई भन्थें तर बिस्तारै उनीहरूले मलाई महान् चमत्कारी आइडिया उत्पादक ठान्न थालेपछि तिमी भन्न थालेको थिएँ। यदि कसैलाई तपाईं भनेर सम्बोधन गर्थें भने उसलाई लाग्दथ्यो कि म ऊसँग रिसाएको छु। मलाई त झन् सहज भयो। सबै देवतालाई तिमी भन्न पाउँथे । सबै देवता आफ्नो ईश्वरलाई सदैव सुखी वा खुशी देख्न चाहन्थे।

एक दिन नारदजीदेखि धेरै रिस उठ्यो। प्रचार उपमन्त्री, प्रचार सचिव, सहप्रचार विभाग प्रमुख आदिलाई बोलाएर सबैको अगाडि सञ्चारमन्त्रीलाई तपाई र हजुर सम्बोधन गर्दै तथानाम गाली गरें । अनि राति मीठो सपना देखाउने सपनदेवीलाई बोलाएर सबैका अगाडि तँ तँ सम्बोधन गर्दै खुब प्रशंसा गरें । त्यस दिनदेखि त झन् कसैलाई झुक्किएर तपाईंभन्दा देवताहरूको अनुहार रातोपिरो भइहाल्थ्यो डरले । र, तँ भन्दा प्रफुल्लित हुन्थ्यो अनुहार ।

"अहिले तिमीहरूले यसरी गर्‍यौ भने कालान्तरमा मूर्खहरू जसलाई तिमीहरूजस्तै देउता बन्ने लालसा हुन्छ, यसैलाई सत्य मान्नेछन्, आदर्श ठान्नेछन् र तिमीहरूलाई पूजा गर्न थाल्नेछन् । अर्थात् तिमीहरूको पूजा हुन थाल्नेछ" भनेर जुन भाषण दिएको थिएँ, त्यसको गज्जबको प्रभाव पर्‍यो । अनेक देवकथाहरू रचिए । ईश्वरका (मेरा) अनेक लीलाहरू प्रख्यात हुन थाले। म त थाहै नपाई चामत्कारी पुरुष हुन थालें।

मेरो यति धेरै प्रशंसा वा पूजा हुन थाल्यो कि मकहाँ प्रसादहरू आउन थाले भोग लगाउन । मेरा अनुयायीहरूको मप्रतिको अनुराग देखेर अझ एक सिंढी अगाडि बढेर मैले केही गर्नुपर्छ भन्ने ठानें। जति उनीहरूको लागि गर्थें, त्यसको ब्याजभन्दा बढी मलाई नै प्राप्त भइरहेको थियो । एउटा अर्को आइडिया फुर्‍यो मनमा ।

एक दिन फेरि देवसभा बोलाएँ । उपस्थिति नै दिव्य लागिरहेको थियो । देवताहरू आआफ्नो वेशभूषामा उपस्थित भएका थिए देवसभामा । देवसभा लागिरहेको थियो कि विष्णुलोक हो र स्वर्गलोकबाट सबै देवताहरू विष्णुसभामा उपस्थित भएका हुन् । मैले सम्बोधन गरें – "हे देवताहरू, अब तिमीहरू हरेकले आफ्नो मन्दिर आफैं बनाओ, मन्दिर जति ठूलो देवता उति ठूलो मानिन्छ । अझ आफ्नो मूर्ति यति सुन्दर बनाऊ कि तिम्रो मनमा आफूलाई नै हेरिरहुँ लागिरहोस् । मूर्तिमा दिव्य आकर्षण होओस् जसले सबैलाई आकर्षित गरिरहोस् ।"

देवताहरूलाई सबैभन्दा बढी लोभ पूजाकै हुँदोरहेछ। पूजा नगर्दा जतिसुकै इमानदार भए पनि भक्तले आशीर्वाद पाउँदैन । जतिसुकै भ्रष्ट भए पनि यदि देवता वा ईश्वरको पूजा गरेको नौटङ्की गर्दछ भने उसैमाथि आशीर्वाद बर्सन्छ। मैले राम्ररी देखें कि पूजाको भोक सबै देवताको अभ्यन्तरमा प्रकाशित भइरहेको थियो ।

म अन्तर्यामी छु । सबैको मनको कुरो बुझ्दछु । तपाईंको मनमा उब्जेको छ – कसैलाई देवता बनाउने वा घोषणा गर्ने तँ को होस् ? कसले दियो तिमीलाई


(बाँकी चौथो पातामा)


# ताामाङ्ग समुदाय र लोकसंस्कृति

**सरोकार**




राजेश मिश्र

rajesh560107@gmail.com


**तामाङ समुदायको आफ्नै भाषा र लोकसंस्कृति छ । तामाङ समुदायको संस्कृति पास्नी, अन्नप्राशन, व्रतबन्ध, विवाह, मुत्यु संस्कार, चाडबाड, नाच र गीत आदि विविधताले भरिपूर्ण छ । कुनै पनि समुदायको संस्कृति सीमित शब्दमा प्रस्तुत गर्नु कठिन मात्र होइन, असम्भव छ ।**

बोली–वचन त, आहा र कति मीठो र मधुर मुस्कानसँगै मीठो बोली उनका अभिन्न प्राकृतिक गुणहरू हुन्। उनलाई प्रसन्नचित्त भन्नुपर्दा अतिशयोक्ति हुनेछैन। उनी स्वर्गीय धनबहादुर लामा र तर्सानी लामाकी चार छोरीहरूमध्ये माहिली हुन्। भारतको जलपाइगुडी जिल्लाको लङ्कापाडामा उनको जन्म भयो। लङ्कापाडा चियाबगानको रूपमा प्रसिद्ध छ । चियाबगानमा काम गर्नको लागि आमाबुबा भारतको जलपाइगुडी गएका रहेछन् । १४ वर्षको उमेरसम्म उनी लङ्कापाडामा हुर्किइन्। सन् १९६६ ताका परिवार पर्सा जिल्लाको सुवर्णपुर फर्कियो। उनको माइती सुवर्णपुरको प्रधानटोलमा छ। त्यसपछि उनको जीवन नेपालको माटोसँग आबद्ध भयो। गाउँकै जरी लामा (हालः उपाध्यक्ष, जनता समाजवादी पार्टी, नेपाल) सँग उनको विवाह भयो। उहिलेकी १४ वर्षीया तन्नेरी अहिले वृद्धा भइसकेकी छन्। पति, छोरा, छोरी, बुहारी र नातिनातिनाका साथ आनन्दमय जीवन व्यतीत भइरहेको उनी बताउँछिन्। सुवर्णपुरमा सामुदायिक घर–वास सेवा सञ्चालनमा छ । विभिन्न स्थानीय मानिसहरूसँगै उनको पनि दुईवटा कोठा 'सुनाखरी मध्यवर्ती होम–स्टे'सँग आबद्ध छ।

उनी तामाङ समुदायकी हुन्। पर्साको ठोरी गाउँपालिकामा तामाङ समुदायको जनसङ्ख्या झन्डै सात हजार हाराहारी छ। तामाङ समुदायको आफ्नै भाषा र लोकसंस्कृति छ । तामाङ समुदायको संस्कृति पास्नी, अन्नप्राशन, व्रतबन्ध, विवाह, मुत्यु संस्कार, चाडबाड, नाच र गीत आदि विविधताले भरिपूर्ण छ। कुनै पनि समुदायको संस्कृति सीमित शब्दमा प्रस्तुत गर्नु कठिन मात्र होइन, असम्भव छ । म स्वयं पनि तामाङ समुदायको संस्कृतिआदिबारे अल्पज्ञानी छु। त्यसकारण उनीसँग कुरा भइरहँदा एउटै कुरा पटक–पटक दोहोर्‍याउनुपरेको थियो । पर्सा जिल्लाको ठोरी गाउँपालिका–५ सुवर्णपुरकी ७० वर्षीया शीला लामासँग भएको संवादको सङ्क्षिप्त अंश प्रस्तुत छ–

**शीला लामा (सुवर्णपुर, पर्सा)**

बुबाआमा भारतको जलपाइगुडी जिल्लाको लङ्कापाडाको चियाबगानमा



काम गर्नुहुन्थ्यो। मेरो जन्म त्यहीं भयो। बाल उमेर उतै बित्यो । पाँच पैसामा ठूलो आकारको कोकी बिस्कुट पाइन्थ्यो। मकै, भटमास र जाउलो आदि बढी खाइन्थ्यो । पसलको सामान उति मन मन पराइन्थेन। उतिबेला छोरीलाई पढाउने चलन थिएन। मान्यता के थियो भने –छोरीलाई पढायो भने बिग्रिन्छन् र अहिलेको जस्तो उहिले शिक्षा अनिवार्य पनि थिएन । अहिले सबैथोक शिक्षा नै हो । शिक्षाको सवालमा उहिलेभन्दा अहिलेको अवस्था ठीक छ । पढाइमा छोरा र छोरीबीच अहिले विभेद छैन।

मैले त चिठ्ठी लेख्न वा पढ्न (मुहारमा हाँसो थियो) अरूको सहारा लिनुपर्थ्यो। पति (जरी लामा) ले 'म तिमीलाई धेरै माया गर्छु' कागजमा लेखेर एकजना बच्चासँग पठाउनुभएको थियो । मेरो हातमा चिठ्ठी दिने बच्चाले भन्यो–"यो कागज अरू कसैलाई नदिनू, आफैं पढ्नू।" उहाँले जसरी बच्चालाई सिकाएर पठाउनु भएको थियो, बच्चाले त्यस्तै भन्यो र गयो। नितान्त मिल्ने साथीसँग पत्र पढ्न लगाएँ। आम्मै र म त भुतुक्कै भएँ। उनको आकृति मस्तिष्कमा बस्यो । घरीघरी उनको तस्वीर मनमा आउँथ्यो। सम्भवतः म उनीप्रति नरम भइसकेकी थिएँ। केही दिनपछि साथीसँग पत्र लेख्न लगाएँ । मेरो मनको कुरा साथीले कागजमा कोरिदिइन्। एउटा बच्चामार्फत पत्र उनलाई पठाइदिएँ । (हाँसोठट्टाको साथै केहीबेरको शान्तिपछि) ल सुन्नुस् केवल एक लाइनको उत्तर मैले पढाएँ, "जीवनमा कहिल्यै धोका नदिनू ।" त्यसपछि हामी एकअर्काप्रति वचनबद्ध भयौं। तामाङ समुदायमा मागी र भागी दुवै विवाह मान्य छ । हामी भागेर काठमाडौं पुग्यौं। पछि दुवैतर्फको परिवार विवाहको लागि सहमत भए।

सुवर्णपुरदेखि वीरगंजको दूरी सात कोस भन्थे । वीरगंजको यात्रा हिंडेर जानुको विकल्प थिएन। अहिलेजस्तो बस, जीप र कार उहिले थिएन। बयलगाडा र साइकल थियो। स्वास्थ्य उपचारको सुविधा शहरमा मात्र सीमित थियो । धेरैपछि प्राथमिक स्वास्थ्य उपचारको सुविधा गाउँमा पुग्यो । सुवर्णपुर आसपासका बासिन्दाका लागि सबैभन्दा नजीक सेढवा स्वास्थ्य चौकी थियो । एउटा घटना अहिलेसम्म मेरो स्मरणमा छ। रातिको लगभग १२ बजेको समय थियो । मलाई सर्पले टोक्यो । अवस्था जटिल थियो। यद्यपि मैले हिम्मत हारेकी थिइनँ । परिवार तथा छिमेकीहरूको सहयोगले बयलगाडामा सेढवा स्वास्थ्य चौकी पुर्‍याइएको थियो । भोलिपल्ट सकुशल घर फर्के। उहिले व्यथा लागेपछि छिमेकी महिलाहरूको भूमिका अहम् हुन्थ्यो। वृद्ध महिलाहरूको सल्लाह, सुझाव र अनुभव धेरै काम लाग्थ्यो। अहिलेको तुलनामा उहिलेकी महिला बढी तन्दुरूस्त हुन्थे। किनभने घर व्यवहारको कामका साथै ढिंकीमा धान कुट्ने, जाँतोमा गहुँ पिस्ने आदि सबै काम आफैंले गर्नुपर्थ्यो। त्यस कारण महिलाहरूको शरीर हृष्टपुष्ट थियो।

**वैवाहिक परम्परा**

तामाङ संस्कृतिमा केटा पक्षबाट केटीपक्षलाई 'सोधनी' जान्छ । मागी बिहेमा केटापट्टिबाट सोधनी गर्न 'लमी' (अगुवा) जान्छन् । लमीको भूमिका ताम्बले गर्दछन् । किनभने तामाङ समुदायमा प्राचीन रीतिरिवाज र वंशावलीसम्बन्धी जानकारी ताम्बलाई हुन्छ। लमीले कुरा छिनेपछि केटापट्टिबाट 'पोङ्ग' अर्थात् सगुन लानुपर्छ । जसमा कुखुरा वा खसी, सेलरोटी र रक्सी हुन्छ। सगुन लगेपछि मात्र विवाहको दिन, रीत (कोसेली), जन्तीको सङ्ख्या र अन्य तयारीको कुराहरू तोक्ने गरिन्छ। जन्ती जाँदा तामाङहरू मौलिक लोकबाजा डम्फु बजाउँछन्। केटी पक्षले प्रथम स्वागतमा बाटोमा सगुन (रक्सी, फूल, चारवटा रोटी) आदि राख्दछन् । उक्त सगुन दुलहाले छ्योतो गर्ने अर्थात् जन्ती जाने र स्वागत गर्ने सबैलाई अर्पण गर्ने गर्छन्। केटीको घर–आँगनमा जन्ती पुगेपछि केटीको बुवा वा अभिभावकले जन्ती पर्सने चलन छ।

'बेरुवा औंठीला च्याप्दाजी,
स्यार्ला डोम्बोनो च्याप्दाजी,
नुप्ला डोम्बोनो च्याप्दाजी,
लोला डोम्बोनो च्याप्दाजी,
ज्याङ्ला डोम्बोनो च्याप्दाजी'

अर्थात् विवाहको निम्तोले गर्दा आजको शुभ घडीमा पूर्व, पश्चिम, उत्तर दक्षिण अर्थात् चारै दिशाका इष्टमित्रहरूको जमघट भयो। भेट भयो। आज कति रमाइलो दिन छ । कति खुशीको दिन छ। यस्ता थुप्रै लोकभाकामा विवाहका मधुर गीतहरू गाइन्छ।

**चाडबाड**

तामाङहरूले आफ्नो विभिन्न चाडपर्वमा बौद्ध धर्म र परम्परा अनुसार गुम्बा, माने र छ्योर्तेनमा पूजाआज गर्दछन्। धार्मिक चाडपर्वहरूमध्ये बुद्धजयन्ती र नयाँ वर्ष ल्होछारलाई प्रमुख चाडको रूपमा मनाइन्छ । माघे सङ्क्रान्तिको चाड मनाउँदा घ्याङ्मा गएर पूजा गरिन्छ। चैते दशैं, वैशाखी वा बुद्ध पूर्णिमा, साउने सङ्क्रान्ति, दशैं–तिहारजस्ता चाड पनि मनाइन्छ । आआफ्नो थर अनुसारको फरक–फरक कुलदेवता (फोला) को पूजा गर्ने प्रचलन पनि छ।

**नाच र परम्परा**

नाचहरूमा डम्फु नाच, दोरा नाच, सरस्वती नाच र देउता नाच प्रमुख छन्। यी सबै नाचमा डम्फु प्रयोग गरिन्छ । धार्मिक जात्राहरूमा व्हाई गीत, फावर गीत, ताम्बा काइतेन गीत र देउता गीत गाइन्छ । दैनिक जीवनमा आधारित वा मायाप्रीतिको गीतलाई फापर गीत भनिन्छ, यी गीतहरू मेलापात, जात्रामा तरुण–तरुणीहरूबीच गाइने चुट्किला हुन्। बिहे वा भोज–भतेरमा गाइने धार्मिक अर्थपूर्ण लोकगीतलाई ताम्बा काइतेनको गीत भनिन्छ । उत्सवहरूमा सरस्वती नाच, पूजाआजामा देउता नाच र मृत संस्कारको समय दोरा नाच हुन्छ।

बौद्ध स्तूपमा बत्ती बालेर स्तूपको प्रदक्षिणा गरी मानेहरू घुमाउँदा आफूलाई धर्म हुने र मृतक आफन्तले मुक्ति पाउने विश्वास गरिन्छ । तामाङ समुदायमा सेलो अत्यन्तै लोकप्रिय छ। तामाङ सेलो भन्ना साथ डम्फुको तालमा गाइएका चुट्किला तथा छोटा–मीठा गीत बुझिन्छ। बिहे तथा चाडपर्वमा डम्फु लिएर फनफनी घुम्दै, कहिले बस्दै, कहिले उठ्दै हुल बाँधेर गाउने र नाच्ने परम्परा छ।

# द्रोण पर्व–६१


महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी



भीमसेनले भने–महाराज, जुन रथमाथि पहिले ब्रह्मा, महादेव, इन्द्र र वरुणले सवारी गरिसकेका छन त्यै रथमाथि चढेर श्रीकृष्ण र अर्जुन गएका छन् । यद्यपि उनीहरूको विषयमा कुनै पनि किसिमको शङ्का छैन तापनि तपाईंको आज्ञा शिरोधार्य गरेर गइरहेको छु । तपाईंले कुनै पनि प्रकारको चिन्ता न गर्नुहोस् । म ती पुरुष सिंहलाई भेटेर तपाईं सूचित गर्नेछु ।

धर्मराजसित यस्तो भनेर त्यहाँबाट हिड्न लागेपछि महाबली भीमसेनले धृष्टद्युम्नसित भने–महाबाहो ! महारथि द्रोणले जुन प्रकार सम्पूर्ण युक्ति प्रयोग गरेर धर्मराजलाई समात्ने प्रयत्न गरिरहेका छन् त्यो त तपाईंलाई थाहा छँदैछ । त्यसैले मेरो निम्ति जसरी यहाँ रहेर धर्मराजको रक्षा गर्न आवश्यक छ, त्यति अर्जुनको रक्षा आवश्यक छैन । यही कुरा मलाई अर्जुनले पनि भनेका थिए, तर अब म महाराजको आज्ञाको सामु म केही भन्न सक्दिनँ । जहाँ मरणासन्न जयद्रथ छन्, त्यहीं म जानुपर्नेछ । धर्मराजको आज्ञा मैले कुनै आपत्तिविना मान्नुपर्छ । म पनि अर्जुन र सात्यकि जुन बाटो गएका छन्, त्यही बाटो जान्छु । अतः अब तिमी खुबै सावधान रहेर धर्मराजको रक्षामा तल्लीन रहनू !

अनि धृष्टद्युम्नले भीमसेनसित भने–पार्थ, तपाईं निश्चित भएर जानुहोस् । म तपाईंको इच्छानुसार गर्नेछु । द्रोणाचार्य सङ्ग्राममा धृष्टद्युम्नको वध नगरी कुनै पनि प्रकारले धर्मराजलाई कैद गर्न सक्ने छैनन् । यो सुनेर महाबली भीमसेन आफ्नो दाजुलाई नमस्कार गरी, उनलाई धृष्टद्युम्नको निगरानीमा छाडेर अर्जुन भएको दिशामा हिंडे । हिंड्ने बेला राजा युधिष्ठिरले उनलाई अङ्गालो मारेर उनको शिरको चुम्बन गरे । भीमसेन हिंड्ने बेला फेरि पाञ्चजन्यको घोर ध्वनि भयो । त्रिलोकलाई भयभीत पार्ने त्यस भयंकर स्वरलाई सुनेर धर्मराजले फेरि भने–हेर, श्रीकृष्णले बजाएको यो शङखध्वनिले पृथ्वी र आकाशलाई गुञ्जायमान गरिरहेको छ । निश्चय नै अर्जुनमाथि ठूलो सङ्कट परेपछि नै श्रीकृष्ण कौरवहरूसित आफैं युद्ध गर्दैछन् । त्यसैले भाइ भीम, तिमी तत्कालै अर्जुनको छेउमा जाऊ ।

अब भीमसेन शत्रुहरूमाथि आफ्नो भयङ्करता प्रकट गर्दै हिंडे । उनी आफ्नो धनुषको डोरी तानेर वाणहरूको वर्षा गर्दै कौरव सेनाको अग्रभागलाई कुल्चिन थाले । उनको पछिपछि सोमक र पाञ्चाल वीरहरू पनि बढ्न थाले । अनि उनको सामु दुःशल, चित्रसेन, कुण्डभेदी, विविंशति, दुर्मुख, दुःसह, विकर्ण, शल, विन्द, अनुविन्द, सुमुख, दीर्घबाहु, सुदर्शन, वृन्दारक, सुहस्त, सुषेण, दीर्घलोचन, अभय, रौद्रकर्मा, सुवर्मा र दुर्विमोचन आदि तपाईंका पुत्रहरू अनेकौं सैनिक तथा पदातिहरूको साथ आएर उनलाई चारैतिरबाट घेरामा हाल्न थाले । तर भीमसेनले बडो तीव्रतापूर्वक उनीहरूलाई पछि पार्दै द्रोणको सेनामाथि जाइ लागे तथा उनको अगि जुन गजसेना थियो, त्यसमाथि वाणहरूको झडी लगाइदिए । पवनकुमार भीमसेनले कुरैकुरामा ती सम्पूर्ण सेनालाई नष्ट पारिदिए । जुन प्रकार वन–बाघको गर्जना सुनेर मृगहरू आत्तिएर भाग्छन्, त्यसै प्रकार सबै हात्ती भयङ्कर चित्कार गर्दै यताउति भाग्न थाले ।

यसपछि उनले बडो वेगपूर्वक द्रोणाचार्यको सेनामाथि धावा गरे । आचार्यले उनलाई अगि बढ्नबाट रोके तथा मुस्काउँदै एउटा वाणबाट उनको निधारमाथि चोट गरे । अनि उनीसित भने–भीमसेन, तिमी मलाई नजितिकन आफ्नो शक्तिद्वारा शत्रुसेनामा प्रवेश गर्न सक्दैनौं । तिम्रो भाइ मेरो अनुमतिबाट मात्र भित्र प्रवेश गर्न सकेको थियो, तर तिमी मलाई परास्त नगरी सेनाभित्र प्रवेश गर्न सक्दैनौं । गुरुको यस्तो कुरा सुनेपछि भीमसेनका आँखा क्रोधले रातो भयो र उनी निर्भय भएर भने–ब्रह्मबन्धो, अर्जुन तपाईंको आज्ञा पाएर यस सेनाभित्र पस्न सकेका होलान्, उनी तपाईंको बडो आदर गर्दछन्, यस्तो गरेर उनले तपाईंको मान बढाएका होलान् । म दयालु अर्जुन होइन, म त तपाईंको शत्रु भीम हुँ । यति भनेर भीमसेनले कालदण्डको समान आफ्नो भयङ्कर गदा उचालेर द्रोणाचार्यमाथि हाने । द्रोण तत्काल आफ्नो रथबाट हाम्फाले र त्यस गदाले घोडा, सारथि र ध्वजसहित रथलाई चूर्ण पारिदियो तथा अन्य कैयन वीरहरूलाई पनि मारिदियो ।

अब आचार्य अर्को रथमा चढेर व्यूहको ढोकामा आएर युद्धको लागि तम्तयार भएर उभिए । महापराक्रमी भीमसेन क्रोधले मुर्मुरिएर आफू सामु उभिएका रथसेनामाथि वाणवर्षा गर्न थाले । यस सेनामा जुन तपाईंका महारथि पुत्रहरू थिए तिनीहरू भीमसेनको वाणबाट नष्ट भइरहँदा पनि उनीमाथि विजय प्राप्त गर्ने इच्छाले युद्ध गरिरहे । अब दुःशासनले क्रोधित भएर भीमसेनलाई मारिदिने उद्देश्यले उनीमाथि एउटा अत्यन्त तीक्ष्ण फलामे शक्ति हाने, तर भीमसेनले त्यसलाई बीचमैं दुई टुक्रा पारिदिए । अनि उनले तीनवटा तीक्ष्ण वाण हानेर कुण्डभेदी, सुषेण र दीर्घलोचन–यी तीन भाइलाई मारिदिए । तपाईंका अन्य पुत्रहरू तैपनि युद्ध गरिरहे । यत्तिकैमा उनले महाबली वृन्दारक, अभय, रौद्रकर्मा र दुर्विमोचनलाइ पनि मारिदिए । अनि तपाईंका पुत्रहरूले उनलाई चारैतिरबाट घेरामा हाले । भीमसेनले हाँसीहाँसी तपाईंका पुत्र विन्द, अनुविन्द र सुवर्मालाई यमलोक पठाइ दिए । क्रमशः...।

# प्रकृतिको सेरोफेरो

**शान्ति सापकोटा**

हामी चढेको बस चाबहिल चोकमा रोकियो । झरेर उत्तर पूर्वतर्फ लाग्यौं । किनभने हामीलाई आलापोट जानु थियो । त्यहीं बसको पर्खाइमा थिए, अरू यात्रुहरू । बसका ताँती जति भए पनि, आलापोट भनेर लेखिएको बस आइपुगेको थिएन । हाम्रा आँखा कुन बसमा आलापोट लेखेको छ भन्नेमा थियो । केही समयको पर्खाइपछि आलापोट लेखिएको बस आइपुग्यो । बसको खलासी पनि ‘आलापोट आलापोट’ भन्दै ढोकाबाट झर्‍यो । हामी भने त्यही ढोकाबाट बसमा चढ्यौं । एकैछिनमा बस खचाखच भयो । अरू यात्रु कता बसे कता कुन्नि ! म भने अगाडिको सिटमा ड्राइभरको स्टेरियङतिर फर्केर बसें । उसको पछाडि हेर्ने ऐना छेकिएला कि भनी सीधा बसें । यसो ढल्क्यो कि ऐना छेकिने निश्चित थियो ।

बस चाबहिल चोकबाट जोरपाटि, बौद्धतिर हुइँकियो । गोकर्ण हुँदै बसले साँगुरो बाटो लियो । गाउँ–गाउँमा खोलिएका बोर्डिङ स्कूलका बसले बाटोलाई खिजाइरहेको भान हुन्थ्यो । घरीघरी रूटको बस र स्कूल बस ठक्कर खान खोजेजस्तो हुन्थ्यो । बस कसले पछाडि गर्ने अथवा बाटो कसले दिने भन्ने उनीहरूलाई थाहा हुन्थ्यो । मिलाइमिलाई आफ्नो बस पास गर्दथे । यसमा चालकको निकै कुशलता देखिन्थ्यो ।

काठमाडौंमा पनि यति साँगुरो बाटो त्यो पनि कच्ची देखेर भाउन्न भयो । भौतिक योजना तथा निर्माण मन्त्रालय कुम्भकर्णजस्तै सुतेको होला । नसुतेको भए राजधानीका बाटा साँगुरा र थोत्रा हुन्थे होला र ?

“आलापोट झर्नुस् है”–खलासीले भनेपछि मैले पछाडि हाम्रा पदयात्रीलाई खोजें । यात्रुहरूको टाउका मात्रै देखें ।

“गाडी कहाँ जान्छ भाइ ?”–पछाडिबाट चिरपरिचित आवाज आयो ।

गागलफेदीसम्म जान्छ भनेपछि हाम्रो बसको गन्तव्य गागलफेदी भयो । केही बेरपछि गागलफेदीमैं झर्‍यौं ।

“ध्रुव सर पनि आइपुग्नुभएको छैन । उहाँलाई पर्खुन्जेल चिया खाऔं”–धन सरले भन्नुभयो । नौलो ठाउँको न्यानो घामले भने मलाई पुलकित बनायो । अरूलाई त के गर्‍यो कुन्नि ! बिहानको चीसो छेक्न पोशाकमाथि ज्याकेट लगाएकी थिएँ । फुकालेर झोलामा राखें र आफूलाई स्रष्टा पदयात्री भनेर चिनाएँ । चिनाउनु त कसलाई थियो र उही घामलाई थियो, त्यहाँको माटोलाई थियो । सबैभन्दा ठूलो कुरा त आफ्नै मनलाई थियो ।

“नमस्कार हजुरको घर यतै हो ?”–शीतल दाइको प्रश्न थियो ।

“मेरो नाम बलराम थापा । आध्यात्मिक नाम बालगोपाल दास हो हजुर ।” उनले हात जोडेकोजोड्यै गरेर उत्तर दिए । मेरो घर यहीं पर हो । गागलफेदीमैं पर्छ हजुर ।”

“किन वैष्णव हुनुभयो ?” उनको निधारमा चन्दनको दुई धर्के ठाडो टीका देखेर वैष्णव भनेर अड्कल काटेर शीतल दाइले सोधिहाल्नुभयो ।

“किन भन्ने र, खै गीता अध्ययन गरेर वैष्णव भएको भन्नुपर्‍यो ।”

ध्रुव सरको गाडी पनि आइपुगेछ । सबैले चिया खाजा खाएको देखेर उहाँले पनि खान मन गर्नुभयो । चिया–चमेना खाइसकेर यताउति आँखा नचाउँदै भन्नुभयो–“अब यहाँ लोड गरेपछि अनलोड गर्ने कता ?” कोही हाँसे । म भने बाटोतिर पाइला नाप्दै थिएँ ।

कागेश्वरी मन्दिरतर्फ उकालो लाग्यौं । प्रकृतिलाई नियाल्दा नजीकै देखियो सिर्जनशील माटो । जहाँ आलु फुलेका थिए ।

उन्मुक्त चरीझैं कान्लाकान्लामा चढ्दै र झर्दै थिए हाम्रा बाल पदयात्री शुभश्री पाण्डे । उनी राष्ट्रपतिका भदाहा थिए । सबै पदयात्रीलाई थाहा थियो । थाहा नभएकालाई थाहा भयो । शुभश्रीले राष्ट्रपतिलाई सम्झायो । त्यसपछि दशैंको टीकाको प्रसङ्ग आयो । कुराकानी यस्ता थिए–

घुँडा टेक्ने,उठ्ने र बस्ने ।

कुरा जति भए पनि अन्त्यमा वसन्त रिजालले कुराको बिट मार्दै भने–“सबैभन्दा जाती त टीकै लगाउन नगए के हुन्थ्यो ?”

मेरै छेउबाट बाटो नापिरहेका डिल्ली सरले भन्नुभयो–“हामी नेपालीमा जहिल्यै आलोचना गर्ने मात्रै दृष्टिकोण भयो । गीत लेखे आलोचनात्मक, कविता लेखे पनि आलोचनात्मक, कसैले केही लेखे पनि सुझाव दिनुको साटो आलोचना मात्र हुन्छ । यस्तो मलाई पटक्कै मन पर्दैन । टीकाटिप्पणी जति गर्‍यो उति बढ्ने हो । यस्तो–त्यस्तो भन्नुभन्दा सिर्जनशील काममा अघि बढ्नुपर्छ भन्ने चेत आउने कहिले होला कुन्नि !”

बारीमा कोदो टिपिसकेपछिको नल पनि सुकिसकेको थियो । कान्ला ताछेर सर्लक्क पारिएका सानासाना सुर्कोले पनि उत्पादनमा भाग लिएको देखेर रमाइलो लाग्यो । कतै मूल फुटेर दौडिन आतुर थियो सङ्लो पानी, धमिलो हुनलाई ।

“खाली बोतल ककसको छ है भरौं”–शीतल दाइले भन्नुभयो ।

“पेटै भरेर जाउँ कि”–डिल्ली सर धारातिर सोझिनुभयो ।

केही घण्टा धुलौटे बाटो हिंडेपछि भोर्लाबोट प्रतीक्षालय पुगियो । प्रतीक्षालयले हाम्रै प्रतीक्षा गरेझैं लाग्यो । नजीकै पुग्दा उसको मौन भाषाले केही बोलेजस्तो पनि लाग्यो–“आऊ मेरो छहारीमा बसेर कविता लेख । यही धुलौटे बाटो लेख ।

गरीबी लेख । तालको पानी सुकेर बस्ती बसेको काठमाडौं हेर । बस्तीलाई धूलोले घेरेको तुवाँलो हेर । त्यही धूलोले आँखा नदेखेर, सरकारको आँखा कर्मतिर जान्छुभन्दा धर्मतिर गएको हेर ।” प्रतीक्षालयबाट एक क्लिक फोटो खिच्न भनेपछि मेरो ध्यान उतै मोडियो र मोडियौं उकालैतिर ।

यौटी नानी खिस्स हाँस्दै हामीलाई हेरिन् । झर्न त तीनोटी नानीहरू सँगसँगै झरेका थिए । तर उनैले मेरो ध्यानाकर्षण गरिन् ।

“नाम के हो नानु ?”

“सानु लामा ।”

“यस ठाउँलाई गागल किन भनिएको हो सानु ?”

“थाहा छैन ।”

“गागलफेदीमा कुन कुन जातिको बसोवास छ ?”

“तामाङ, क्षत्री, बाहुन सबैको ।”

मलाई जात सोध्न यस अर्थमा मन लाग्छ कि, त्यहाँ रङ्गीचङ्गी फूल फुलेका छन् कि छैनन् । संसारमा नेपालमा मात्रै होला, यति धेरै जातजाति भएर पनि कसरी सुगन्ध छरिरहेका छन् । यो त हाम्रो लागि गौरवको कुरा हो ।

हामी बालुवै–बालुवाको बाटो उकालो लाग्यौं । बाटो खन्दा बालुवा खानी बनेको रहेछ । बाटोको छेउछेउमा बालुवाको थुप्रैथुप्रा छन् । यस ठाउँको नाम बालुवाफेदी हुनुपर्ने, किन गागलफेदी भएको होला । मनले यस्तो भन्यो । म जन्मेको ठाउँ स्याङ्जाको धनमुडा हो । धनमुडा नाम किन र कसरी पर्‍यो, थाहा छैन । बूढापाकाहरूलाई सोध्दा धनको मूढो भएर धनमुडो भएको हो भन्थे । मूढो त काठको पो हुन्छ त । धनको त बरु मुठो हुनुपर्ने हो । कस्तो नमिलेको नाम हो भन्दथें । शायद यहाँ पनि यस्तै भएको हुन सक्दछ र नहुन पनि सक्छ ।

मङ्सिर महीना भए पनि घाम चम्किलो थियो । उकालो चढ्दा–चढ्दा शरीर हुर्किरहेको थियो । सुन्तला खाऔं भन्दै धन सरले पोको फुकाउनुभयो । सुन्तला अमिला थिए । केहीले मुख बिगारेपछि फेरि उनले नै जेरीको पोको फुकाउनुभयो र बिगारेका मुखलाई फकाउनुभयो ।

कुरैकुरामा फेरि गजलका कुरा उठे । कुरा उठाउनेमा लीलाराज दाहाल थिए । गजलको खुब आलोचना हुने हुनाले, राम्रा गजलकारलाई पनि नराम्रा भन्ने हुनाले, उनलाई निको लागेको रहेन छ र भने–“हाम्रा शब्द त्यति कोमल छैनन् । तिनमा मिठास छैन । लय छैन । उर्दू फारसीबाट आएका साहित्यलाई नेपालीमा जस्ताको तस्तै भेट्न सकिन्छ त नि ? बुँद रानाका गजल राम्रा छन् ।” उनले उनको एउटा गजल गुन्गुनाए–

“गरे के पो हुँदैन र गर्ने काम गरेपछि
ढुङ्गा पनि मूर्ति बन्छ घन छिनो परेपछि
भीरबाट खसे बरु उठी हिंड्न सकिएला
कहाँ उठ्न सकिएला नजरबाट झरेपछि ।”

गरे के पो हुँदैन र....साँच्चै फापर खेती गरेरै भएको छ । कताकतै फापर झुलेका छन् । बाँझो बारी कतै छैन । चिटिक्क परेका नागबेली गराहरू गर्भिणी भएका छन् । कतैकतै त गहुँका जमरा पनि टुसाइसकेका छन् । प्रत्येक कान्लाबाट झरेका झरनाले सिर्जनाहरूको प्यास बुझाइरहेका छन् । यस्तो लाग्यो, गागलफेदीको जतिजति माथि गइन्छ, उतिउति त्यहाँका मानिसहरू जाँगरिला र मिहिनेती रहेछन् ।

बाटोमा मोटरबाइकबाट धूलो उडाउँदै झरेका एकजना व्यक्ति भेटिए । उनी थिए नवराज फुयाल । उनी स्वास्थ्यकर्मी, एकजना महिलालाई झाडापखाला लागेर उपचार गराउन आएका रहेछन् । उनले भने–“आलापोटमा फुयाल चोक छ । जहाँ २०० घर फुयाल गाउँ छ । फर्कदा पस्नुहोला हस् म गएँ ।”

“हुम्लामा गाडी पुगेन भनेर भन्नुहुन्छ जनकपुरी सर ? यी काठमाडौंको हविगत देखियो क्यारे ।” धन सरको व्यङ्ग्य खै

(बाँकी पाँचौं पातामा)

# लभ इन वीरगंज


धारावाहिक नाटक
समीर पाख्रिन

समय : अपरान्ह्न । स्थान : गण्डक–वीरगंज सडकखण्ड ।

प्रीतम अघि–अघि छ । रितालाई लिएर आकाश प्रीतमको पछि–पछि छ ।

रिता : प्रीतमले हामीलाई चिन्यो भने त खेल बिग्रन्छ भाइ ।

आकाश : चिन्दैन दिदी । तिमी सलले मुख छोपेर हिंड । मैले हेलमेट लगाएको छु । मेरो बाइक पनि त बेग्लै छ ।

रिता : त्यो त हो । अब दश मिनेट जत्तिमा वीरगंज पुगिन्छ होइन त भाइ ?

आकाश : पुगिन्छ दिदी ।

ooo

समय : उही । स्थान : वीरगंजको घण्टाघर ।

उषाले पटक–पटक घडी हेरिरहेकी प्रीतमको प्रतिक्षामा तड्पी रहेकी जस्तो देखिन्छ । अङ्कितले उषालाई जागिर पाएको खुशीको खबर सुनाउन पटकपटक कल गरे पनि उषाले फोन काटिदिन्थ्यो ।

उषा : यो भुखमरीले कति कल गरिरहेको होला ? एकचोटि काटिदिएपछि त बुझ्नुपर्छ नि यो प्रीतम पनि यतिञ्जेल त आइपुग्नु पर्ने । एक बजी सक्यो ।

प्रीतम चढेको बाइक उषा अगाडि आएर ठूलो आवाज गरेर घ्याच्च रोकिन्छ ।

कति ढिलो गरेको ?

प्रीतम : मान्छे हेटौंडा नवलपुरबाट उडेर आइरहेको छ ढिलो पो भयो अरे, बस ।

उषा :वाह ! रातो ज्याकेटमा त प्रीतम शाहरूख खान भन्दा कम नदेखिदाँ रहेछ ।

प्रीतम : हो र ? हाहाहा (हाँस्छ) अनि आफू ति त आफू । कालो ग्लासमा कैटरिना भन्दा कम देखिएकी छौं नि त । एनी वे, कता जाने ? तिमीलाई जन्मदिनको उपहार पनि त किनी दिनु छ ।

उषा :त्यसो भए निलाम्बरी जाऔं । निलाम्बरी लेडिज आइटम्को लागि फेमश छ ।

प्रीतम : हो ? ल बस ।

उषा मोटरसाइकलमा बस्न साथै प्रीतमको मोटरसाइकल मेनरोडहुँदै आर्दशनगरतिर पुगिन्छ । केही समय बित्न नपाउँदै रिता चढेकी मोटरसाइकल पनि घण्टाघर आइपुग्छ । घण्टाघर आइपुगेपछि भने उनीहरू अलमलमा पर्छन् । आकाशले प्रीतमको बाइक कतै देखि पो हाल्छ कि भनी बाइक रोकेर चारैतिर नजर डुलाउँछ तर कतै देख्दैन । दिदीभाइले नजिकैको पसलबाट एउटा एउटा लस्सी किनेर पिउँछन् । आकाश प्रीतम कता गयो होला भनी सोचमा परेको देखिन्छ ।

आकाश : दिदी, भिनाजू पावर हाउससम्म त हामी अघिअघि थियो । खै, कता गयो होला ?

रिता : त्यही त अब कहाँ खोज्ने होला ? (केही क्षण घोरिएपछि उत्तेजित भावभङ्गीमा) अँ साच्चै ! आकाश, तेरो भिनाजूले खै कोसित फोनमा गोपाल मिष्टान भण्डारमा डोसा खाने होइन् भनेर भनेको सुनेकी थिए । पक्कै पनि यो गोपाल मिष्टान भण्डार वीरगंजको कुनै होटल, रेस्टुराको नाम हुनुपर्छ । पख् म साहुजीलाई सोध्छु है । साहुजी, यहाँ गोपाल मिष्टान्न भण्डार कहाँ छ ?

साहुजी : कहाँबाट आउनु भएको ?

रिता : हामी हेटौंडाबाट ।

साहुजी : यो दक्षिणतिर गएको बाटो नछाडी जानु, अगाडि माइस्थान चोक आउँछ । ठीक त्यही चोकको दायाँतिर छ ।

रिता : धन्यवाद साहुजी ।

दिदीभाइ लस्सीको पैसा तिरेर अगाडि बढछन् ।

साहुजी : गोपाल मिष्टान भण्डारको डोसा खान मानिसहरू टाढा टाढाबाट आउन थालेछन् । म चाँहि वीरगंजवासी भएर पनि आजसम्म डोसा खान गएको छैन । आज त म पनि परिवारै लिएर जानु पर्‍यो ।

ooo

स्थान : आदर्शनगरको निलाम्बरीबाट प्रीतम र उषा हाँस्दै बाहिर आउँछन् र मोटरसाइकलमा बसेर माइस्थान चोकतिर बढछन् । बाइक पार्क गरेर दुवै गोपाल मिष्टान भण्डारभित्र प्रवेश गर्छन् । दुवै असाध्यै प्रशन्न मुद्रामा देखिन्छन् ।

क्रमशः

**आफ्नो मन्दिर....**

यो अधिकार ?

जवाफ हाजिर छ – हाम्रा शास्त्रहरूले भनेका छन्, सबै जीवजन्तु ईश्वरका सन्तान हुन् । हामी सानैदेखि यही सुन्दै आएका छौं । ईश्वरको अनुमतिविना एउटा पात पनि हल्लिंदैन भने ईश्वरकै अनुमतिमा मैले घोषणा गरेको ठहरिंदैन त ? फेरि आधुनिक तर्कशास्त्रले मात्र होइन, पुरातन संस्कार पनि यही रहेको छ कि जसको सन्तान हो उसैको जात हुन्छ । अब भन्नुस् त ईश्वरका सन्तान ईश्वरै होइनौं त ?

देवसभामा उपस्थित देवताहरूलाई थप सम्बोधन गर्दै भनें–“मैले तिमीहरूलाई देउता बनाएँ । अब तिमीहरूको मूर्तिमा पूजा गर्न मानिसहरू आइरहन्छन्, सबैको मनोकामना म पूर्ण गर्छु । यो मेरो प्रतिज्ञा हो ।”

“तर तिमीहरूले मेरो एउटा आकाङ्क्षा पूरा गर्नुपर्छ । त्यो के भने तिमीहरूले मेरो आदर सदैव गर्नुपर्छ । मैले भनेको आँखा चिम्लेर मान्नु, देवताहरूप्रति साधारण मानिसको विश्वास म जमाइदिनेछु । तिमीहरू मेरो पूजा गर्नु र तिमीहरूको पूजा गर्नेको इच्छा म पूरा गर्छु । जुन मन्दिरमा मेरो सम्मान हुनेछ, त्यो मन्दिरमा भक्तजनको खूब भीड लाग्नेछ ।”

सबै देवता खुशी भए । अहिले देवताहरू आफ्नो मन्दिर आफैं बनाउँदै छन् ।

एउटा गोप्य कुरो खुसुक्क बताउँदै छु : तपाईं पनि आफ्नो मन्दिर आफैं बनाउनुहोस् । अनि हेर्नुस् तपाईं आफैं चमत्कारी देवता बन्नुहुनेछ ।

देउता बन्न को चाहँदैन ? आधुनिक देवीदेवता धमाधम बनिरहेका छन् ।

तपाईंहरूले कोरोनामाई, कोरोना भगवती, कोरोनादेवी, कोरोनाबाबाको पूजा भएको देख्नुभएको होला । यसबाट पनि प्रेरित भएर आफ्नो मन्दिर र मूर्ति बनाउनुहोला ।

यो नारा सबैको हितमा छ – आफ्नो मन्दिर आफैं बनाऔं । आफ्नो पूजा आफैं गरौं ।

–मित्रनगर, गरुडा नगरपालिका–४, रौतहट

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा एकैदिनमा थप साढे तीन लाख सङ्क्रमित

नयाँ दिल्ली, ७ माघ/एएनआई

भारतमा कोरोना भाइरसबाट एकै दिनमा थप झन्डै साढे तीन लाख मानिस सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीहरूले शुक्रवार अहिले २० लाख १८ हजार ८२५ जना कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामैं रहेका छन्।

पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्या भने दुई लाख ५१ हजार

अमेरिकी र जर्मनी कम्पनीले सहकार्य गरेर विकास गरेको यो खोप तुलनात्मक रूपमा अरूभन्दा विश्वसनीय र प्रभावकारी रहेको जापानका सरकारी अधिकारीहरूको बुझाइ छ।



तस्वीरः रायटर्स

दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन लाख ४७ हजार २५४ जना नयाँ सङ्क्रमित भएका हुन्।

दैनिक सङ्क्रमितहरूको सङ्ख्या १७.९७ प्रतिशतको दरले वृद्धि भएको पनि भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

अघिल्लो दिन बिहीवार सार्वजनिक गरिएको तथ्याङ्कको तुलनामा शुक्रवार सार्वजनिक गरिएको विवरणमा सङ्क्रमितहरूको सङ्ख्या २९ हजार ७२२ बढी रहेको छ।

अघिल्लो दिन भारतमा तीन लाख १७ हजार ५३२ जना नयाँ सङ्क्रमित भएको विवरण सार्वजनिक गरिएको थियो।

सङ्क्रमितहरूको सङ्ख्यामा साप्ताहिक १६.५६ प्रतिशतले वृद्धि भएको पाइएको पनि अधिकारीहरूले जनाएका छन्।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दै गइरहेको तथ्याङ्कले देखाएको छ।

पछिल्लो विवरण अनुसार भारतमा ७७७ रहेको छ।

एकै समय नयाँ सङ्क्रमित सङ्ख्या भन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या थोरै भएकोले पनि सक्रिय सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको हो।

### जापानमा ५-११ वर्षका बालबालिकालाई पनि फाइजर खोप लगाइने

टोकियो/सिन्हवा

जापानमा कोरोनाभाइरसविरुद्ध फाइजर खोप ५ देखि ११ वर्षसम्मका बालबालिकालाई पनि लगाइने भएको छ। जापानको स्वास्थ्य मन्त्रालयले ५ देखि ११ वर्षसम्मका बालबालिकालाई फाइजर खोप लगाउने निर्णय शुक्रवार गरेको हो।

कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या बढ्दै गएको र बालबालिकामा जोखिम धेरै देखिएपछि सरकारले यस्तो निर्णय गरेको अधिकारीहरूले जनाएका छन्। पछिल्लो विवरण अनुसार ५ देखि ११ वर्षसम्मका बालबालिका जापानमा ८० लाख छन् भने उनीहरूलाई आगामी मार्चदेखि खोप लगाउन थालिने छ।

जापानमा १२ भन्दा बढी उमेरका नागरिकलाई यस अघि नै खोप उपलब्ध गराइसकिएको छ। विभिन्न कारणले खोप लगाउन छुटेकाहरूलाई पनि जापान सरकारले खोप लगाउन उत्प्रेरित गर्ने गरेको छ।

कोरोना भाइरसका नयाँनयाँ भेरिएन्ट आइरहेकाले त्यसबाट जोगाउन खोप नै सबैभन्दा भरपर्दो र उपयुक्त उपाय भएकोले खोप लगाउने निर्णयमा पुगिएको जापानका मन्त्री नोरिको होरिउचीले जानकारी दिए।

कतिपयले भने बालबालिकालाई खोप लगाउने निर्णय अवैज्ञानिक र घातक हुने, प्रतिकूल प्रभाव पर्ने भन्दै विमति पनि जनाएका छन्। विरोध हुँदै गर्दा पनि सरकार, सरोकारवाला तथा विज्ञहरूको राय लिएर, बालबालिकालाई खोप लगाउने निर्णयमा पुगेको मन्त्री होरिउचीको भनाइ छ।

अन्य देशमा गरिएको परीक्षणका क्रममा फाइजर खोप बालबालिकाका लागि ९०.७ प्रतिशत प्रभावकारी देखिएको पनि उनले बताए। रासस

## अफगानिस्तानलाई ३२ मिलियन अमेरिकी डलर नगद सहायता

काबुल, ७ माघ/एएनआई

संयुक्त राष्ट्रसङ्घले बिहीवार अफगानिस्तानलाई ३२ मिलियन अमेरिकी डलर नगद प्रदान गरेको छ। सो रकम अफगानिस्तान इन्टरनेशनल बैंक (एआईबी) लाई हस्तान्तरण गरिएको स्थानीय सञ्चार माध्यमले जनाएका छन्।

अफगानिस्तानको केन्द्रीय बैंक-दि अफगानिस्तान बैंकले अफगानिस्तानलाई संयुक्त राष्ट्रसङ्घको सहायता जारी रहेको र उनीहरूले अमेरिकी डलर ३२ मिलियन नगद प्राप्त गरेको खामा प्रेसले जनाएको छ। सो रकम अफगानिस्तानलाई मार्च २०२२ सम्म साप्ताहिकरूपमा २ करोड अमेरिकी डलर उपलब्ध गराउने प्रक्रियाको एक हिस्सा हो।

तालिबानले अगस्त १५ मा काबुल आफ्नो नियन्त्रणमा लिएपछि देश आर्थिक, मानवीय र सुरक्षा सङ्कटमा फस्दै गएको छ।

विदेशी सहायता निलम्बन, अफगान सरकारको सम्पत्ति रोक्का र तालिबानमाथि अन्तर्राष्ट्रिय प्रतिबन्धको संयोजनले पहिले नै उच्च गरीबीको स्तरबाट पीडित देशलाई हाल झन् गहिरो आर्थिक सङ्कटमा डुबाएको छ।

सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय समुदायले अफगान जनतालाई विभिन्न सहयोग गर्दै आएका छन्। रासस

## कङ्गोमा पानी जहाज दुर्घटना हुँदा १८० जना बेपत्ता

किन्सासा, ७ माघ/सिन्हवा

उत्तरपश्चिम प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डिआरसी) को कङ्गो नदीमा आइतवार अबेर राति एउटा पानीजहाज दुर्घटना हुँदा कम्तीमा १८० जना बेपत्ता भएका स्थानीय अधिकारीहरूले बिहीवार जानकारी दिएका छन्।

करीब ६०० यात्री बोकेको जहाज अत्यधिक भारका कारण दुर्घटना भएको हुन सक्ने संयुक्त राष्ट्रसङ्घ समर्थित समाचार आउटलेट रेडियो ओकापीले केही जीवित व्यक्तिको भनाइलाई उद्धृत गर्दै जनाएको छ। विशेषगरी कङ्गो नदीमा प्रायः रातको यात्रा, ओभरलोड र जहाजहरूको खराब अवस्थाका कारण बारम्बार दुर्घटना हुने गर्दछ। रासस


**बालश्रम दण्डनीय अपराध हो**

**बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलागाऔ।**

**वीरगंज महानगरपालिका**


### आजको राशिफल

| | |
|---|---|
| मेष: चोरभय | वृष: भयचिन्ता |
| मिथुन: राज्यलाभ | कर्कट: अतिथिआगमन |
| सिंह: सुयश | कन्या: अलमल |
| तुला: प्रसन्नता | वृश्चिक: पदोन्नति |
| धनु: अस्वस्थता | मकर: अलमल |
| कुम्भ: नारीसुख | मीन: कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


## पाँचदेखि ११ वर्षसम्मका बालबालिकालाई खोपको अभियान छिट्टै -प्रम देउवा

काठमाडौं, ७ माघ/रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले पाँचदेखि ११ वर्षसम्मका बालबालिकाका लागि खोपको अभियान छिट्टै प्रारम्भ गरिने बताएका छन्। उनले १२ देखि १७ वर्ष उमेरका किशोर किशोरी १८ लाखभन्दा बढीलाई पहिलो मात्राको खोप दिइएको उल्लेख गर्दै अग्रपङ्तिमा काम गर्ने व्यक्तिका लागि बुस्टर डोज अभियान शुरू भइसकेको बताए। साथै, ६० वर्षभन्दा माथि उमेर समुहका नागरिकका लागि बुस्टर डोज यसै महिनादेखि उपलब्ध गराइने उनले बताए।

प्रम देउवाले शुक्रवार अपराह्न राष्ट्रका नाममा सम्बोधन गर्दै सरकारको पहिलो प्राथमिकता कोभिड-१९ को सङ्क्रमणबाट जनताको जीवन रक्षा गर्ने, शीघ्र आर्थिक पुनरूत्थान गर्ने, आर्थिक सामाजिक क्रियाकलापलाई सामान्य अवस्थामा फर्काई सञ्चालन गर्ने कार्यलाई प्राथमिकतामा राखी विभिन्न सुधार कार्य अगाडि बढाएकोले गत छ महिनामा मुलुकको आर्थिक क्रियाकलापमा तीव्र विस्तार भएको बताए। सामाजिक क्रियाकलापमा पनि अपेक्षित सुधार आएको उनको भनाइ छ।

कोभिड-१९ विरुद्धका विभिन्न खोपको क्लिनिकल ट्रायल गर्न अनुमति दिइएको छ। प्रधानमन्त्री दउवाले सङ्क्रामक रोग विरुद्ध खोप (भ्याक्सिन) उत्पादन गर्ने उद्योगलाई वित्तीय सहुलियत, छुट तथा सुविधा प्रदान गर्ने र तरल अक्सिजन उद्योगलाई वित्तीय सहुलियत, छुट तथा सुविधा प्रदान गर्ने नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइएको जानकारी गराए। अक्सिजनको पर्याप्त



र भरपर्दो आपूर्ति तथा भण्डारण, स्वास्थ्य पूर्वाधारको विस्तार र जनशक्तिको व्यवस्थापनमा सुधार गरिएको छ।

## ज्येष्ठ नागरिकलाई न्यानो कपडा

सप्तरी, ७ माघ/रासस

कञ्चनरूप नगरपालिका, सप्तरीले चीसो बढेपछि ६० वर्षमाथिका असहाय, दलित, गरीब र विपन्न ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण गरेको छ।

प्रत्येक वडाका तीन सयजनालाई न्यानो कपडा वितरण गरेको नगरपालिका प्रमुख वसन्त मिश्रले बताए। ज्येष्ठ नागरिकलाई चीसोबाट जोगाउन सम्मानस्वरूप न्यानो कपडा वितरण गरिएको उनले बताए।

नपाको १२ वटै वडामा दुई हजार दलित, असहाय, गरीब र विपन्न नागरिकलाई सिरक तथा विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको थियो।

## जाली नोटसहित भारतीय नागरिक पक्राउ

जलेश्वर, ७ माघ/रासस

महोत्तरीको मटिहानी-जनकपुर सडखण्डमा जाली नोटसहित सशस्त्र प्रहरीले गए राति एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत, बिहार राज्यको सीतामढी जिल्लाको मेघपुर ग्रामपञ्चायत बस्ने ४० वर्षीय नुरूल जोल्हा रहेको सशस्त्र प्रहरी बिओपी मटिहानीले जनाएको छ।

गए राति भारतको मधवापुर शहरबाट जाली नोट बोकी नेपाल छिरेका नुरूल जनकपुर गइरहेको अवस्थामा मटिहानी नपा-२ स्थित धिरापुरचोक नजीकै नियमित जाँचका लागि खटेको सशस्त्र प्रहरीको टोलीले पक्राउ गरेको हो। पक्राउ परेका नुरूलका साथबाट प्रहरीले नेपाली रु एक हजारका जाली नोट दुई थान बरामद गरेको छ भने निजमाथि आवश्यक अनुसन्धान भइरहेको जनाएको छ।

## प्रकृतिको.......

कसलाई हो कुन्नि।

शीतल सरले अर्को हाँसो गर्नुभयो। भाषाको खेल मलाई रमाइलो लाग्यो। हो हामीहरू स्रष्टा पदयात्री सिर्जनासँग खेल्नुपर्छ। भाषाका कुरा हुन्छन्। साहित्यका कुरा सबै जोड्न मन लाग्छ। उहाँको भाषिक हाँसो यस प्रकार छ- "हमने जो पहुँची भेजी थी, वह पहुँची कि नहीं पहुँची, पहुँची तो पहुँची तक पहुँची कि नहीं पहुँची ?"

मेरो मथिंगल रनन्न भयो। खासमा मैले बाला पठाएको थिएँ। पाउनुभयो कि पाउनुभएन र पाउनु भयो भने हातमा मिल्यो कि मिलेन भन्न खोजेको रहेछ। बुझेपछि भने रमाइलो भयो।

"नमस्कार !" एकजना बुवा हाम्रो बाटो छेकेर बस्नुभयो।

मैले सोधें, हजुरको नाम के हो बुवा ?

"चन्द्रबहादुर तामाङ" उनले फेरि अगाडि भने-सत्तरी वर्षको भैसक्यो। ऊ त्यहीं हो मेरो घर। उनको घरबाट पर रूखको हाँगासम्म कपडाको तोरण फर्फराइरहेको थियो।

"फर्फराइरहेको के हो र किन टाँग्नु भयो बुवा ?" मैले सोधें।

"लुङ्दर भन्छ हाम्रो भाषामा। लुङ्दरको झन्डा जति हल्लिन्छ उति हाम्रो रोग जान्छ रे के नानी। त्यही भएर हामीले लुङ्दर लगाउँछ।"

कान्लाबाट झरेको कलकल आवाजले घरीघरी मलाई मेरै अतीततिर फर्काउँथ्यो। हाम्रो धनमुडा जहाँ मेरो जन्म भएको थियो। मेरो बाल्यकाल र किशोरावस्था पनि यस्तै कान्लामा दौडेर र हाम फालेर बितेका थिए। गहुँमा पानी लगाउनु, गराको बीचबीचमा कुलेसो पार्नु, म जान्ने भएपछि मेरो पनि कर्तव्य हुन्थ्यो। म धनमुडाबाट उडेर गगनफेदीमा आइपुगें। कति छिटो छ है, यो मनको पखेटा पनि। नियति त उस्तै हो जहाँ पुगेपनि गगनफेदी या धनमुडाको। त्यही प्रतिविम्ब मैले यहाँ पाउँछु। यसरी सिर्जनाको आकाशमा उड्दाउड्दै शहीद स्मारक पार्कमा पनि आइपुगिएछ। दिउँसोको खाना खाने बेला भयो। एउटा घुमाउरो छाप्रोमा बसियो। ध्रुव सरले झोलाबाट परौंठाको पोको झिकेर मलाई बाँड्न लगाउनुभयो। शीतल दाइले पनि फ्राइड राइसको बट्टा मेरै छेउमा राखिदिनु भयो। मैले लगेको आलुको अचार पनि मैले झिकें। मन्दिरा आलु बाँड्न थालिन्। वसन्त रिजालले लड्डुको बट्टा सबैतिर डुलाउनुस् है भन्दै मेरै नजीक राखिदिनु भयो। हामी गोलोपाटीमा गोलो गरी बसेका थियौं। सबैले खाना खाएपछि पछाडिको सल्लाको वन आउनेगरी सामूहिक फोटो खिच्यौं। त्यसपछि कागेश्वरीतिर लागियो जुन हाम्रो यात्राको मुख्य विन्दु थियो।

चिप्लो गोरेटो बाटो ओर्लिंदै गर्दा, कतै पानीका कुलेसामा खोले सागले जीवन पाएका थिए भने कतै स्कुसका लहराले जीवन गुमाएका थिए। तिनका भन्ट्याङ् भुन्टुङ् भुइँभरि छरिएको देख्दा हाम्रो मन कम्ती रोएन। कमसेकम बजार पुग्न पाएको भएपनि त त्यत्रो टाढा भारतबाट आउने तरकारी भारतमैं खपत हुने थियो होला। कालीमाटी र बल्खुमा आएर कुहिन पर्दैनथ्यो होला नि। उता अर्गानिक तरकारी भनेर शहरवासीहरू कति तँछाडमछाड गर्थे होलान्।

जाँदाजाँदै हाम्रो सङ्लो मन सङ्लै पानीसँग झरिरहेका थिए। कति निर्मल, कति सुन्दर।

जीवन सधैं सङ्लो पानीजस्तो नहुँदो रहेछ। सङ्ला पानीका केही गल्छेडाहरू पार गरिसकेपछि डढेलो लागेको वन आइपुग्यो। कठै अघिको स्वच्छ वन। अहिलेको डढेको वन। कति समानता छ है, हाम्रो मन र वनमा। खरानीको बाटो पार गरिसकेपछि कागेश्वरी मन्दिरमा पुगियो। सुनजस्तो पहेंलो काग, सयपत्री मालाले सजिएको अझ घाँटी बटारेर हामीलाई नै हेरेकोजस्तो लाग्यो। काग त कालो हुनुपर्ने। तर यहाँका काग त सुनजस्ता। शायद द्यौता काग भएर होला। मैले भन्दै गएँ। मेरो सानो आवाज आकाशबाट खसेजस्तो झरनाको आवाजले बिलाइदियो। दृश्यहरू हेर्ने ठाउँ साँगुरो थियो। स्टिलको बारलाई समातेर हेर्‍यौं। अडेस लगाएर हेर्‍यौं। बायाँ हेर्‍यौं। शिवलिङ्ग भएको मन्दिर। अगाडि झरना हेर्‍यौं। दायाँ हेर्‍यौं, अग्लो स्तम्भमाथि सजिएको कागको मूर्ति हेर्‍यौं। बाटोको पारिपट्टि लहरै धारा अविरल झरिरहेका। हरियो जङ्गलबीच सजिएका यिनै तीन चीज महत्त्वपूर्ण थिए। सबैको धुन आ-आफ्ना मोबाइलमा दृश्यहरू क्याप्चर गर्नमा तल्लीन थिए।

सतीदेवीको पीठ पतन भएको ठाउँ जहाँ साउने सोमवार भक्तजनको भीड लाग्ने गर्दछ। विशेषगरी भाद्र शुक्ल अष्टमीका दिन विशेष मेला लाग्ने गर्दछ। महादेवको पूजा अर्चना गर्ने गरिन्छ। सोही दिन पूजा गर्ने गर्नाले मनले चिताएको पुग्ने जनविश्वास छ। अब आयो कागको कुरा-

लिच्छवीकालमा कागले गाईको दूध ल्याएर सधैं ढुङ्गामा चढाउने हुनाले त्यस मन्दिरको नाम कागेश्वरी रहेको जनविश्वास छ। त्यति बेला गोठालाहरूले गाईले किन दूध दिंदैन भनी निगरानी राख्दा कौवाले गाईको थुन चुसेर ठूलो ढुङ्गामा पटकपटक गएको देखेपछि स्थानीयले उत्खनन गरेर हेर्दा शिवलिङ्ग भेटिएछ। यस्तो देखेपछि त्यहाँ सबैले पूजाआजा गर्न थाले। र त्यस थानको नाम कागेश्वरी बसेको भन्ने किंबदन्ती छ।

कागले छोएपछि अनिष्ट हुने र उक्त मन्दिरमा गएर पूजाआजा गरे मोक्ष प्राप्त हुने जनविश्वास छ। यसरी कागेश्वरी मन्दिर धार्मिक र सांस्कृतिक साथै पर्यटन विकासमा पनि महत्त्वको रहेको छ।

हामीले कागेश्वरी मन्दिर वरिपरिको तस्वीर मोबाइलले खिच्यौं। मनले खिच्यौं, आँखाले खिच्यौं। मनमा, मोबाइलमा, आँखामा राखेर हिंड्यौं।

मणिचुड पर्वतको हरक नाकैमा ठोक्कियो। गइसकेकाहरूले मणिचुड पर्वतको खुब सम्झना गरे। नगएकाहरूले गरेनन्। त्यहाँदेखि बग्दै, खेल्दै, उफ्रिंदै, आफ्नो रूप परिवर्तन गर्दै देखाइरहेको छ जादू। कति स्वच्छ र निर्मल अनवरत झरिरहेको छ। नछोइकन अगाडि बढ्न मन लागेन। एनबी जनकपुरी सरले आफ्नो ट्याबलेटबाट एक क्लिक फोटो पानीको सानो झरनासँगै खिचिदिनुभयो। आफू पनि खिचिनुभयो। यसरी मणिचुड पर्वतबाट झरेका ससाना झरनालाई पार गर्दै सल्लाघारीबीच बसेर रचना वाचन गरियो।

"हरायो सपना हरायो...." वसन्त रिजालको कवितामा केही बेर हराएपछि मन्दिरा मधुश्रीको प्रेमिल गजलमा डुबियो। त्यसैगरी एनबी जनकपुरीका गीतमा र अरू सर्जकहरूको कवितामा हराइयो। ओहो ! घाम पनि चीसा भएर डाँडातिर ओरालो लागिसकेका। सल्लाले घोलेको हावामा प्रकृति प्रेमीका लय तथा भाकालाई छोडेर हामीहरू सुन्दरीजलतर्फ ओरालो लाग्यौं। केही समय झरेपछि देखियो, तल बेंसीमा फलामै फलामको खेतीजस्तो। के होला ? मेरो मनमा कौतुहल जाग्यो। जब कानले सुन्यो, थाहा पायो, जहाँबाट मेलम्ची खानेपानीको सुरुङको अन्त्य भएको रहेछ।

मेलम्ची खानेपानीको सुरुङ निर्माण भव्य तरीकाले सम्पन्न हुँदै गरेको देखियो। वि.सं २०४६ सालदेखि शुरू भएको आयोजना २०७५ मा आएर झन्डै २० वर्षमा सकिने भएको छ। जम्मा २७ किलोमिटर सुरुङ निर्माण गर्न पनि। धन्य हामी !

त्यसपछि सुन्दरीजलको कालो पुल तरेर सुन्दरीजल बसपार्कमा गएर बस चढ्यौं। बस चढेपछि हाम्रो २५ औं स्रष्टा पदयात्रा समाप्त भयो।




टनकपुर बाँधः यो बाँध नेपाल र भारतबीच बनाइएको हो। यस बाँधको नेपालपट्टि पूर्णगिरि मन्दिर छ। चैतदेखि जेठ महीनासम्म नेपाली र भारतीयहरू यस मन्दिरमा मेला भर्न आउने गर्छन्। टनकपुर बाँध सम्झौता नेपालका तत्कालीन प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइराला र भारतीय तत्कालीन प्रधानन्त्री पिभी नरसिंह रावबीच वि.सं. २०४८ जेठ ३ गते भएकोमा, यस सम्झौतालाई राष्ट्रघाती भनेर राष्ट्रभरि विरोध भएपछि २०५२ सालमा एकीकृत महाकाली सन्धिसँगै मिसाएर पारित गरिएको थियो। तस्वीरः पङ्कज श्रेष्ठ

# भारततर्फ लैजाँदै गरेको मदिरा बरामद

प्रस, सिम्रौनगढ, ७ माघ/

सशस्त्र प्रहरीले साढे १३ लाख मूल्य बराबरको मदिरा बरामद गरेको छ। रौतहटको परोहा नगरपालिका–४ बाट सशस्त्र प्रहरी ११ नं. वाहिनी हेडक्वार्टरले हिजो बेलुकी भारततर्फ लैजान लागेको मदिरा बरामद गरेको हो।

हिजो साढे सात बजे राति सेतो रङको बोलेरो गाडीबाट विभिन्न प्रकारका नेपाली मदिरा भारततर्फ लाने क्रममा नरकटिया सीमा अगाडिबाट सशस्त्र प्रहरीले सो बोलेरोलाई नियन्त्रणमा लिएको र चेकजाँच गर्दा



तस्वीरः प्रतीक

१३ लाख ३६ हजार बराबरको मदिरा बरामद भएको सशस्त्र प्रहरी ११ नं. वाहिनी हेडक्वार्टरका सशस्त्र प्रहरी नायब उपरीक्षक गोविन्दबहादुर खातीले बताए।

बरामद मदिरा, बोलेरो गाडी आवश्यक कारबाईको लागि गौर भन्सार कार्यालय चलान गरिएको सशस्त्र प्रनाउ खातीले जानकारी गराएका छन्।

वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता र सेवा प्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावलीबमोजिम कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## हीरापुर बैरेज....

खानकै लागि आफूहरू कैयौंपटक हीरापुर बैरेज पुगिसकेको यादव बताउँछन्।

जिउँदै पाइने कालो झिङ्गे माछाले सर्लाही, रौतहट र महोत्तरीका पारखीहरूलाई आकर्षित गर्दै लगेको छ। बैरेजको गहिरो पानीमा पाइने अन्य जातका स्थानीय माछाले पनि लोकप्रियता पाउँदै गएको पसल सञ्चालकहरूको भनाइ छ। आधा दर्जनभन्दा बढी होटेलमा स्थानीय जातका माछा पाइन्छन्। एक होटेलका सञ्चालक सुकदेव साहले सबैभन्दा बढी झिङ्गे माछाको माग छ तर गैंचा र मलगाको स्वाद लिनेहरू धेरै टाढाबाट आउने गरेको बताउँछन्।

राजु यादवसहित झन्डै एक दर्जन युवाको समूह हीरापुर बैरेजमा गरुडाबाट सधैं पुग्ने गर्दछन्। यहाँको जस्तो मीठो माछा सर्लाही, रौतहट र बाराका कुनै पनि बजारमा नपाइने गरेको राजु यादवको दाबी छ।

माछा खाने र घरका लागि पनि कोसेली बोकेर जानेहरू धेरै हुन्छन्। नहर किनारमा बसेको सानो हीरापुर बैरेज चोकमा त्यहीं नहरबाट माछा मारेर करीब डेढ दर्जन मानिसले आफ्नो दैनिकी चलाउने गरेका छन्। जाडो महीनामा कालो जातको ठूलो झिङ्गे माछा प्रतिकिलो एक हजार चार सय रुपैयाँसम्ममा बिक्री हुने गरेको छ। जिउँदो झिङ्गे माछा किन्न चाहनेलाई यो भाउ सस्तै भएको विक्रेताहरू बताउँछन्।

नहरमा पाइने माछा भएकोले कुनै रासायनिक पदार्थ नखाएको तथा विषादी कहिल्यै नखाएको हुनाले स्वाद नै गज्जबको हुने पारखीहरू बताउँछन्। आफ्नै आँखाअगाडि समातेको खोलाको ताजा माछा खान पाउनुको स्वाद नै फरक भएको तिनीहरू बताउँछन्।

हुन पनि हो, होटलमा खसीको मासुभन्दा झिङ्गे माछा महँगोमा पाइन्छ। खसीको मासु प्रतिप्लेट दुई सय रुपैयाँमा पाइने ठाउँमा झिङ्गे माछा प्रतिप्लेट अढाई सय रुपैयाँमा पाइन्छ। झिङ्गे माछाजस्तै गैंचा र मलगा माछा पनि महँगो हुने गरेको छ।

सर्लाही सदरमुकाम मलङ्गवाका रामचन्द्र महतो कुशवाहा भन्छन्– हीरापुर बैरेजमा माछा खान मलङ्गवा र भारतबाट पनि मानिसहरू पुग्ने गरेका छन्। स्थानीय माछाको पारखीको लागि हीरापुर एउटा आकर्षणको केन्द्र बनेको कुशवाहा बताउँछन्।

प्रायः दुई बजेपछि स्थानीय जिउँदा माछा पाइन थाल्ने हीरापुर बैरेजमा मुख्यतः दिउँसो खाजा खाने समयमा नै पारखीहरू पुग्दछन्। होटलमा खाने र घरका लागि होटेलबाटै प्याक गरेर लैजाने प्रवृत्ति बढ्न थालेको होटेल सञ्चालक साहको भनाइ छ। साथमा धेरैले होटेलमा खाएर अनि जिउँदो माछा किनेर लैजाने गरेका छन्।

स्थानीय माछाको स्वाद लिन खोज्नेहरू बढ्दै जाँदा हीरापुर बैरेजले बिस्तारै लोकप्रियता पाउन थालेको स्थानीयको भनाइ छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## महिला हक्कीः नेपाली सेना र सुदूरपश्चिम फाइनलमा

प्रस, वीरगंज, ७ माघ/

वीरगंज, आदर्शनगर रङ्गशालामा जारी चौथो साहना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिताको पहिलो सेमिफाइनलमा नेपाली सेना विजयी भई फाइनलमा प्रवेश गरेको छ।




तस्वीरः सौजन्य

शुक्रवार भएको पहिलो सेमिफाइनलमा नेपाली सेनाले गण्डकी प्रदेशलाई शून्यविरुद्ध तीन गोलले पराजित गरेको हो। नेपाली सेनाबाट सीताकुमारी चौधरी, अञ्जनाचन्द ठकुरी र नीलिमा पाण्डेले एक–एक गोल गरेका थिए। पहिलो खेलको वुमन अफ द म्याच सीताकुमारी चौधरी घोषित भइन्।

### सुदूरपश्चिम फाइनलमा

यसैगरी, शुक्रवार सम्पन्न दोस्रो सेमिफाइनलमा सुदूरपश्चिम मधेस प्रदेशलाई शून्यविरुद्ध दुई गोलले पराजित गरी फाइनलमा प्रवेश पाएको छ।




तस्वीरः सौजन्य

आज भएको दोस्रो खेलमा सुदूरपश्चिमकी लक्ष्मी बम र सुनीता नेगीले एक–एक गोल गरेका थिए। यो खेलको वुमन अफ द म्याच सुनीता नेगी घोषित भइन्।

फाइनल खेल शनिवार नेपाली सेना र सुदूरपश्चिमबीच दिउँसो २ बजे हुनेछ।

यसैगरी तेस्रो स्थानका लागि गण्डकी र मधेस प्रदेशबीच शनिवार बिहान ९ बजे प्रतिस्पर्धा हुने आयोजक सानो पाइलाले जानकारी दिएको छ।

# हरि खेतान क्याम्पसमा धर्ना

प्रस, वीरगंज, ७ माघ/

नेविसङ्घ ठाराब क्याम्पस एकाइका



तस्वीरः सौजन्य

अध्यक्ष मनोज साहको नेतृत्वमा शुक्रवार हरि खेतान क्यम्पसमा एक घण्टा धर्ना दिइएको छ।

विभिन्न सात सूत्रीय माग राख्दै नेविसङ्घ ठाराब क्याम्पस एकाइले हरि खेतानलाई ज्ञापन बुझाएको थियो। माग सम्बोधन नभएको भन्दै नेविसङ्घले आजदेखि चरणबद्ध आन्दोलन शुरू गरेको छ। यसै क्रममा क्याम्पस अगाडि धर्ना दिएको थियो।

क्याम्पस प्रमुख डा भगवानप्रसाद यादवले भने नेविसङ्घ ठाराब क्याम्पस एकाइलाई हरिखेतानको विषयमा चिन्ता लिनुपर्ने कुनै आवश्यकता नभएको बताएका छन्। उनले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने ठाउँमा हरि खेतानविरुद्ध सुनियोजित षड्यन्त्रमा लागेको आरोप लगाएका छन्।

# मूल्यवृद्धिविरुद्ध ओबिसीद्वारा प्रदर्शन

प्रस, वीरगंज, ७ माघ/

ओबिसी नेपालले वीरगंजमा माईस्थानमा आधा घण्टा प्रदर्शन गरेको ओबिसीले प्रधानमन्त्री शेरबहादुर



शुक्रवार वीरगंज, माईस्थानमा प्रदर्शन गर्दै। तस्वीरः प्रतीक

पेट्रोलियम पदार्थ मूल्यवृद्धिविरुद्ध प्रदर्शन गरेको छ।

शुक्रवार माईस्थानमा गरिएको प्रदर्शनमा मूल्यवृद्धि फिर्ता गर, परमादेशी सरकार मुर्दाबाद, जनताको चुल्हो निभ्नुभएन, नालायक सरकार मुर्दाबादजस्ता नारा लगाइएको थियो। देउवाको पुतला दहन गरेको थियो। ओबिसी नेपालका अध्यक्ष तेजप्रकाश निषादको अगुवाइमा भएको कार्यक्रममा जिल्ला अध्यक्ष प्रमोद महतो, राजेश सहनी, शङ्कर यादव, कुणाल पटेल, नितेश वर्णवाल, अकलेश साहलगायतको सहभागिता थियो।

## कोभिड विशेष अस्पताल....

वार्षिक रु १० करोड अनुदानमा सञ्चालित सो प्रतिष्ठानले अघिल्लो कोरोनाकालमा पनि कोभिड अस्पताल सञ्चालन गरेको थियो।

यस्तै तीव्रगतिमा फैलिरहेको कोभिड–१९ सङ्क्रमणलाई मध्यनजर गर्दै भारतसँग जोडिएका धनुषाको सिमानामा हेल्थ डेस्क स्थापना गरिएको छ। छिमेकी मुलुक भारतबाट सङ्क्रमित नेपाल भित्रिन सक्ने भन्दै सीमा जोडिएका धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरुवा, खजुरी गाउँपालिकाको महुवामा हेल्थ डेस्क स्थापना गरी एन्टिजेन परीक्षण भइरहेको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए।

यसबाहेक धनुषाको नगराइनस्थित जटही नाकामा हेल्थ डेस्क स्थापना गर्ने तयारी भइरहेको उनले जानकारी दिएका छन्।